रहदेखा अरिबे हि मेडिकल गर्न लगाउने पर्ने / महिने	रोजगार सम्पन्नमिले मेडिकल गर्न लगाउने पर्ने / महिने	रहदेखा अरिबे बिमा गर्न लगाउने पर्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रासस्तरमा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	लिखा रुजीफिया शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	७०,०००/ -	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भाग्यलिइ मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफ्नो काम गर्ने जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफ्नो कर्टिफाईमा परो सम्पर्क गर्ने साँझनी हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पेट्रा मात्र सम्बन्धितमा हस्ताक्षार गर्नुहोला, सोझो एकर्ताट आफुलाइ गराउनुहोला । ६) कामका विरेश जाँदा नेपालकै एयरपोर्टे प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाँसम्मा सम्पर्क गर्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. ५७२/०५६/५७

प्रभाव दैनिक
National Daily

सम्पादकीय

विधिको शासनमाथिको प्रश्न

लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड विधिको शासन र निष्पक्ष न्यायिक प्रक्रिया हो । तर, पछिल्लो समय बिचौलियाका रूपमा चिनिएका इनम सापकोटाको मोबाइल प्रकरण र त्यसमा प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख सल्लाहकार कुमार बेनको संलग्नतालाई लिएर सार्वजनिक भएका विवरणहरूले राज्यका अनुसन्धान निकायहरूको कार्यशैली र प्रमाणको सुरक्षामाथि गम्भीर प्रश्न खडा गरेको छ । प्रहरी हिरासतमा रहेका व्यक्तिको मोबाइल कानुनी अधिकार नभएका व्यक्तिको निजी निवासमा पुगनु र त्यहाँबाट महत्त्वपूर्ण संवादहरू मेटिनु सामान्य प्रशासनिक त्रुटिमात्र मान्न सकिँदैन ।

फरेन्सिक परीक्षणका विवरणअनुसार बेनको निवासमा दुई दिनसम्म मोबाइल राख्दा ह्वाट्सएप र फेसबुक चलाइएको, स्क्रिनसट लिइएको तथा स्वयं बेन र सापकोटाबीचका संवादसमेत मेटिएको देखिएको छ । फौजदारी न्याय प्रणालीमा दसी–प्रमाणको सुरक्षित संरक्षण (चेन अफ कस्टडी) अत्यन्त संवेदनशील विषय मानिन्छ । प्रमाणमाथि हुने कुनै पनि अनधिकृत पहुँच वा छेडछाडले समग्र अनुसन्धानको विश्वसनीयतालाई कमजोर बनाउँछ । यही कारण प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे र नेकपा एमालेका महासचिव शंकर पोखरेलले घटनाको पारदर्शितामाथि प्रश्न उठाउँदै बेनलाई छानबिनको दायरामा ल्याउन माग गरेका छन् । कांग्रेसले मुलुकी अपराध संहिताका दफा ९२ र ९३ आकर्षित हुने गरी प्रमाण नष्ट गर्ने कार्यमाथि कानुनी परीक्षण हुनुपर्ने आवाज उठाउनु स्वाभाविक देखिन्छ ।

अर्कोतर्फ, सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद हरिमोहन भण्डारीले तत्कालीन प्रहरी महानिरीक्षक दानबहादुर कार्की र सापकोटाबीचको सम्बन्ध खुलेपछि प्रमाण सुरक्षित राख्ने स्वच्छ मनसायले मोबाइल लगिएको हुन सक्ने तर्क गर्दै बेनको बचाउ गरेका छन् । यद्यपि, उनले पनि बेनले आफूसँगका संवाद मेटाएको भए त्यो गलत हुने स्वीकार गरेका छन् । यहाँनेर बुझ्नुपर्ने आधारभूत कानुनी सिद्धान्त के हो भने, कानुनले अधिकार नदिएको व्यक्तिले जस्तोसुकै 'स्वच्छ मनसाय' राखे पनि प्रमाण कब्जामा लिने अधिकार पाउँदैन । यदि प्रहरी नेतृत्वमाथि नै शंका थियो भने त्यसको छानबिन गर्ने वैधानिक निकायहरू राज्यभित्रै विद्यमान छन् ।

यसै प्रकरणको सेरोफेरोमा १७ महिना कार्यकाल बाँकी छँदै तत्कालीन प्रहरी महानिरीक्षक कार्कीलाई पदबाट हटाइनु र सो विषय सर्वोच्च अदालतसम्म पुगनुले घटनालाई थप रहस्यमय बनाएको छ । उच्च राजनीतिक, प्रशासनिक र न्यायिक वृत्तका व्यक्तिहरूको नामसमेत जोडिएको भनिएको यस प्रकरणमा सत्तानिकट व्यक्तिहरूमाथि छानबिन नहुने हो भने आमनागरिकमा दण्डहीनताको सन्देश जान्छ ।

रास्वपा प्रवक्ता जगदीश खरेलले भनेझैं सरकारका आन्तरिक कामकारबाहीमा आवश्यक निर्णय लिने अन्तिम जिम्मेवारी प्रधानमन्त्रीकै हो । तर, आफ्नै प्रमुख सल्लाहकारमाथि गम्भीर आरोप लाग्दा मौन बस्नुले प्रधानमन्त्रीको सुशासनप्रतिको प्रतिबद्धतामाथि नै संशय पैदा गर्छ । विगतमा पनि विभिन्न विवादमा तानिएका बेनमाथि उठेका प्रश्नहरूको निरूपण शक्ति र पहुँचका आधारमा होइन, प्रचलित कानुनका आधारमा हुनुपर्छ । निष्पक्ष र स्वतन्त्र छानबिनमार्फत सत्यतथ्य बाहिर ल्याउनु नै वर्तमान सरकारको विश्वसनीयता जोगाउने एकमात्र विकल्प हो ।

श्रम सरोकार

वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

आम्दानी, ब्याज र खर्चको असन्तुलित चक्र



■ उद्धव सिलवाल

> अहिले राजनीतिक हिसाबले बलियो सरकार रहेको छ । यत्तिको सरकार बन्नसक्ने अवस्था भोलिका दिन कम छ । 'न भूतो न भविश्यती' भनेजस्तो अहिले राजनीतिक हिसाबले यतिको सरकार पहिले पनि थिएन र पछि पनि पनि हुने सम्भावना कम नै रहेको छ । यस्तो अवस्थालाई ध्यानमा राख्दै आम्दानी र ब्याजको असन्तुलित चक्रलाई तोड्नका लागि दुरगामी र संरचनागत सुधारको आवश्यकता पर्छ ।

हाम्रो विद्यमान वित्तीय ढाँचामा सबैभन्दा ठूलो संरचनागत विडम्बना रहेको छ । ऋणको लागतले उसको आर्थिक हैसियतसँग उल्टो सम्बन्ध राख्ने गरेको छ । अर्थात्, जो व्यक्ति आर्थिकरूपमा विपन्न र साधनहीन छन्, त्यस्ता व्यक्तिले नै महँगो ब्याजदरमा ऋण लिनुपर्ने बाध्यता छ । त्यस्ता व्यक्ति बैंकको ढोकासम्म पनि पुग्न सक्दैनन् । तर, उच्च आम्दानी हुनेका लागि बैंकका ढोकाहरू सस्तो ब्याजदरका साथ सधैं खुला रहन्छन् । अनि साँझ, बिहानको छाक टार्न धौ-धौ पर्ने वर्ग भने मिटरब्याजीको दलदलमा नफसीकन ऋण पाउनै नसक्ने अवस्थामा पुगेका छन् । सोही कारण विपन्न वर्गले सोचेभन्दा बढी रकम ब्याजमा खर्च गर्नु परेको हो ।

हाम्रो कर्जा बजारलाई हेर्दा यो निकै समावेशी र बहुस्तरीय देखिन्छ । तर यसको भित्री तहमा प्रवेश गर्ने हो भने यसले वर्गका आधारमा नागरिकलाई विभाजन गरिरहेको छ । वित्तीय पहुँच, धितोको उपलब्धता र कागजी प्रक्रियाको जटिलताका आधारमा कर्जा बजार चलिरहेको छ । जोसँग धितो राख्न जग्गाजमिन छैन, औपचारिक कागजात पुऱ्याउन नसक्ने त्यस्ता विपन्न नागरिकहरू साहु-महाजनसँग निर्भर रहेका छन् । अनौपचारिक क्षेत्रमा वार्षिक ५० प्रतिशत वा सोभन्दा पनि बढी मिटरब्याजका रूपमा असुलिने गरेको छ । दैनिक गुजारा चलाउन, उपचार गर्न वा वैदेशिक रोजगारीमा जानका लागि लिइने यस्तो ऋणले निम्न आय भएका वर्गलाई आजीवन दासताको चक्रमा धकेलिरहेको छ ।

साहु महाजनसँग ऋण लिने वर्गभन्दा अलिमाथिका समूह सहकारी संस्थाहरू आकर्षित हुने गरेका छन् । थोरै भए पनि पहुँच भएका र स्थानीयस्तरमा चिनजान भएका वर्गको रोजाइ सहकारी पर्ने गरेका छन् । जहाँ ब्याजदर सामान्यतया १२ देखि २० प्रतिशतसम्मको हाराहारीमा रहने गरेको छ । तर, सहकारी क्षेत्र पनि सञ्चालकको बदमासी र कमजोर नियमनका कारण विपन्नका लागि सुरक्षित र सर्वसुलभ हुन सकेको छैन । यो तहभन्दा अलि सम्पन्न वर्ग लघुवित्त संस्थामा कारोबार गर्ने गर्छन् । राष्ट्र बैंकले लघुवित्तका लागि अधिकतम १५ प्रतिशतको ब्याजदरको सीमा तोकेको छ । विपन्न, महिला र साना उद्यमीलाई लक्षित गरी खोलिएका लघुवित्तले केही हदसम्म वित्तीय समावेशितामा योगदान पुऱ्याएका छन् ।

कर्जा प्रवाहमा सबैभन्दा सस्तो तह औपचारिक बैंकिङ प्रणाली हो । कागजात, आम्दानीको आधिकारिक स्रोत र पर्याप्त धितो भएका मध्यम तथा उच्च वर्गकोमात्र वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीसम्म पहुँच पुग्ने गरेको छ । राष्ट्र बैंकको नीतिअनुसार बैंकहरूले आधार दरमा निश्चित प्रतिशत थपेर तुलनात्मकरूपमा सस्तो दरमा कर्जा प्रवाह गर्छन् । यसले के देखाउँछ भने धितो र पहुँच हुनेले सस्तो कर्जा पाउँछन् भने धितो र पहुँच नहुनेले महँगो ऋणको भारी बोक्नुपर्ने बाध्यता सिर्जना भएको छ ।

जसको आम्दानी राम्रो छ, उसले सबैभन्दा कम ब्याज र खर्च पनि त्यहीअनुसार गर्ने गर्छ । जसको आम्दानी कम छ, उसले सबैभन्दा चर्को ब्याज तिर्नुपर्ने प्रक्रियाले समृद्धिको नभई गरिबीको चक्र सिर्जना गरिरहेको छ । यसभन्दा पनि गम्भीर सामाजिक र आर्थिक विकृति तब उत्पन्न हुन्छ, जब औपचारिक प्रणालीबाट सस्तो कर्जा पाउनेले त्यसको दुरूपयोग गर्छन् । बैंकिङ प्रणालीमा सहज पहुँच भएका सुकिलामुकिला वर्ग जो आफूलाई एलिट भन्न रुचाउनेहरू सस्तो ब्याजदरमा बैंकबाट रकम झिकी सोही रकमलाई अनौपचारिक बजारमा चर्को ब्याजमा लगानी गर्नेसम्म गर्छन् । सस्तो पुँजीमाथि वर्गविशेषको एकाधिकार र त्यसैको बलमा विपन्नमाथिको वित्तीय दोहनले समाजमा आर्थिक असमानताको खाडललाई गहिरो र फराकिलो बनाएको छ ।

हाम्रो जनसंख्या करिब तीन करोड रहेको छ तर विडम्बना जनसंख्याको दोब्बरभन्दा बढी बैंक खाता खुलेका छन् । केन्द्रीय बैंकले सार्वजनिक गरेको बैंकिङ एण्ड फाइनान्सियल स्टाटिस्टिक्समा आव २०८२/८३ को असार मसान्तसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक र १६ वित्त कम्पनी गरी ५३ वटा वित्तीय संस्थामध्ये वाणिज्य बैंकमा पाँच करोड ४४ लाख, विकास बैंकमा ७८ लाख ८३ हजार र वित्त कम्पनीमा १० लाख ९२ हजार गरी कूल छ करोड ३४ लाख बैंक खाता रहेको उल्लेख छ । तर कर्जा खाताको संख्या भने वाणिज्य बैंकमा १७ लाख, विकास बैंकमा दुई लाख ६१ हजार र वित्त कम्पनीमा ६८ हजार गरी कूल २० लाख ३१ हजार रहेको पनि सोही प्रतिवेदनले देखाएको छ । यो भनेको सानो हिस्सालेमात्रै औपचारिक बैंकिङ कर्जाको लाभ उठाइरहेको देखिन्छ । बाँकीका ठूलो जनसंख्या कि त कर्जाको दायराभन्दा बाहिर छन् कि त महँगो अनौपचारिक ऋणको लपेटामा बेरिन बाध्य भएको तथ्यांकले पुष्टि गरेको छ ।

केन्द्रीय बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थामा अहिले करिब कूल निक्षेप ८२ खर्ब ८० अर्ब रूपैयाँ रहेको छ भने कर्जा प्रवाह ५९ खर्ब ४७ अर्ब रूपैयाँमा मात्रै सीमित रहेको छ । वाणिज्य बैंकको भारित औसत ब्याजदर ३.५१ देखि ३.५७ प्रतिशतसम्म रहेको छ । कर्जाको भारित ब्याजदर सातदेखि ७.१२ प्रतिशतको हाराहारीमा रहेको छ । एक वर्षे मुद्दती निक्षेपको ब्याजदर चार प्रतिशतभन्दा तल झरिसकेको छ ।

यसले बैंकिङ क्षेत्रबाट निजी क्षेत्रमा जाने ऋण प्रवाह कमजोर देखाउँछ । सोही कारण उपभोग र लगानी दुवै कमजोर बनेका हुन् । यो विगत तीन वर्षदेखि घट्दो क्रममा रहेको छ । यो भनेको अर्थतन्त्रमा 'स्टचागनेन्ट र इन्फ्लेसन' दुवै छ भन्ने हो ।

ऋणको यो महँगो चक्रको पछाडि न्यून आम्दानी रहेको छ । न्यून आम्दानीको जरोमा गुणस्तरीय सीपको अभाव छ । राष्ट्रिय तथ्यांक कार्यालयद्वारा प्रकाशित चौथो जीवनस्तर सर्वेक्षण २०७९/८० मा नेपालका ६४.९ प्रतिशत श्रमिकहरू दैनिक ज्यालादारी वा अनौपचारिक क्षेत्रमा कार्यरत रहेका उल्लेख छ । यसले नेपालको श्रमशक्तिले स्थिर खालको रोजगारी नपाएको देखाउँछ । त्यस्ता वर्गको आम्दानीको कुनै सुनिश्चता नै हुँदैन । आज काम पाइन्छ, भोलि पाइन्छ कि पाइँदैन भन्ने अन्योल रहेको छ । त्यस्ता समूहको स्वास्थ्य बिग्रिएमा आम्दानीले थेक्न नसक्ने हुन्छ । त्यस्ता वर्गसँग बजारमा उच्च मूल्य पाउने आधुनिक वा प्राविधिक सीप हुँदैन । सोही कारण अदक्ष श्रमिकका रूपमा न्यूनतम ज्यालामा काम गर्नबाहेक अर्को विकल्प नै हुँदैन । जब श्रमिकको दैनिक ज्यालाले आधारभूत आवश्यकता पनि पूरा हुन सक्दैन । तब परिवारमा अलिकति पनि स्वास्थ्य समस्या आउँदा, बालबच्चाको शिक्षाको खर्च थपिँदा वा चाडपर्व आउँदा ऋण लिनुबाहेक अर्को विकल्प रहँदैन । त्यस्तो ऋणको ब्याज महँगो हुनेहुँदा त्यस्ता वर्गामाथि थप खर्चको बोझ बढ्ने गरेको छ । त्यस्ता समूहसँग बैंकले पत्याउने धितो पनि हुँदैन । त्यसैले त्यस्ता वर्गमा मिटरब्याजी कहाँ पुग्नु रहर नभएर बाध्यता बनेको छ । यिनै कारणले आम्दानी कम हुनु, त्यसैमा पनि ऋणको ब्याज चर्को हुनु र सीप नभएका कारण आम्दानी बढाउन नसक्ने वर्ग नै सबैभन्दा बढी आम्दानी र खर्चको असन्तुलनबाट प्रभावित बन्न पुगेका छन् ।

अहिले राजनीतिक हिसाबले बलियो सरकार रहेको छ । यत्तिको सरकार बन्नसक्ने अवस्था भोलिका दिन कम छ । 'न भूतो न भविश्यती' भनेजस्तो अहिले राजनीतिक हिसाबले यतिको सरकार पहिले पनि थिएन र पछि पनि पनि हुने सम्भावना कम नै रहेको छ । यस्तो अवस्थालाई ध्यानमा राख्दै आम्दानी र ब्याजको असन्तुलित चक्रलाई तोड्नका लागि दुरगामी र संरचनागत सुधारको आवश्यकता पर्छ । यसका लागि औपचारिक बैंकिङ प्रणालीलाई धितोमा निर्भर नराखी परियोजनामुखी कर्जा प्रणालीमा रूपान्तरण गर्न सक्नुपर्छ ।

अनौपचारिक कर्जा बजारलाई कानुनी दायरामा ल्याउने, मिटरब्याजीलाई कडाइ गर्ने र गाउँ-गाउँमा वित्तीय साक्षरताका साथै सहज वित्तीय पहुँच पुऱ्याउने कामलाई अब तीव्रता दिनुपर्छ । ६४.९ प्रतिशत अदक्ष श्रमिकलाई दक्ष बनाउन राष्ट्रियस्तरमा प्राविधिक तथा व्यावसायिक तालिममा सहभागी गराउनुपर्ने देखिन्छ । श्रमिकको सीप वृद्धि भनेको बजार मूल्य र आम्दानीमा बढोत्तरी हुनु हो । जबसम्म देशको बहुसंख्यक ज्यालादारी र विपन्न नागरिकलाई सस्तो पुँजी र सीपसँग जोड्न सकिँदैन । तबसम्म समृद्धिको योजना कार्यान्वयनमा आउन नसकी कागजमै सीमित रहने छ । त्यसैले कर्जा बजारको उल्टो चक्रलाई सल्टाएर जोसँग धितो राख्ने कुनै जायजेथा हुँदैन, त्यस्ता समूहलाई सहजरूपमा कर्जा प्रवाह गर्ने वातावरण सिर्जना गर्नसकेमा आम्दानी, ब्याज र खर्चको असन्तुलित चक्र अन्य हुन सक्ने छ । *रासस*



बैकुण्ठ भण्डारी

कोपमा लावालस्कर, देशमा एनजिओ तस्कर !

केही महिनाअघि रसुवामा सुनामी शैलीको बाढी आयो । रसुवा, नुवाकोटका धेरै नागरिक बेपत्ता भए । तिहारको भोलिपल्ट गोर्खामा सुख्खा पहिरो गयो । त्यसकै बीचमा अन्त पनि त्यस्तै भए । सबैले भने जवलायु परिवर्तनले नेपालको हिमाल पगाल्यो । त्यही भएर होला कोप भन्ने सम्मेलन टर्कीमा चलिराको छ । संसारभरिका देशका मन्त्री, सांसद, कूटनीतिज्ञ, वातावरणविद् र पत्रकार हरूको बाक्लो उपस्थिति छ । नेपालबाट पनि आधा दर्जनभन्दा बढी मन्त्रीको लस्कर पुगे । सांसदहरू पनि पुगेका थिए । पत्रकारहरूको उपस्थिति पनि कम थिएन । कोही जलवायु परिवर्तनको समाचार लेख्न, कोही सम्मेलनको रिपोर्टिङ गर्न, कोही देशको प्रतिनिधित्व गर्न र कोही देशको प्रतिनिधिमण्डलमा आफ्नो उपस्थिति जनाउन पुगेका होलान् ।

तर सामाजिक सञ्जालमा हिमालको कुरा भइरहेको थियो । हिमनदी पग्लिएको कुरा भइरहेको थियो । जलवायु न्यायको कुरा भइरहेको थियो । तर मटचाङ्ग्रोलाई भने एउटा प्रश्नले चिमोटिरहेको थियो ।

हाम्रो देशबाट त्यत्रो मान्छेको लस्कर किन गएको होला ?'

सिफल चौरको छेवैमा रहेको चिया पसलमा सँगै बसेको बैरीले चियाको चुस्की लिँदै भन्यो, 'देशको जलवायु संकटबारे संसारलाई सुनाउन नि !'

मटचाङग्रो हाँस्यो, 'सुनाउन गएको कि सुन्न गएको ?' 'कुरा उस्तैउस्तै हो । जसरी बुझ्दा पनि हुन्छ, के फरक पर्छ छ र ?,' बैरीले भन्यो ।

'धेरै फरक पर्छ नि ! देशको पीडा सुनाउन गएको हो भने आवाज पनि ठूलो हुन पऱ्यो । आफ्नो देशको अधिकार माग्न गएको हो भने अडान पनि बलियो हुनुपऱ्यो । तर त्यहाँ त लस्कर ठूलो, आवाज सानो भयो !'

नेपालका हिमाल पग्लिरहेका छन् । हिमतालहरू जोखिममा छन् । पहाडका बस्ती पहिरोले निलिरहेका छन् । तराईका खेत बाढीले डुबाइरहेका छन् । कहिले खडेरीले किसानको बाली सुकाउँछ, कहिले अतिवृष्टिले पाक्न लागेको धान बगाउँछ । जलवायु परिवर्तनको असर नेपालको अर्थतन्त्रदेखि जनजीवनसम्म फैलिएको छ । तर यी सबै समस्याको अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी सुनुवाइ गराउनुपर्ने हाम्रो कूटनीतिक क्षमतामाथि प्रश्न उठिरहेको छ ।

मटचाङग्रोले फेरि भन्यो ।

'हेर बैरी, देशको पीडा लिएर गएको टोलीले संसारलाई झकझक्याउनुपर्ने हो । तर त्यहाँ त देशको पीडा बोकेर गएको टोली नै सम्मेलनको भीडमा हराएछ कि क्या हो ?' कोप-३१ मा नेपाल, भुटान र किर्गिस्तानले हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरलाई छुट्टै एजेण्डाका रूपमा स्थापित गर्न प्रयास गरे । नेपाल र भुटानले १.५ डिग्री तापक्रम वृद्धि र हिमाली क्षेत्रसम्बन्धी प्रस्ताव अघि सारे । तर छुट्टै औपचारिक एजेण्डाका रूपमा त्यसले ठाउँ पाउन सकेन । ठूला वार्ताकार समूहको पर्याप्त समर्थन जुटाउन नसक्दा नेपालको प्रयास कमजोर बन्यो ।

मटचाङग्रोले बैरीलाई भन्यो, 'हेर हाम्रो हिमालको दुःख पनि अरूको सहमतिमामात्रै अन्तर्राष्ट्रिय विषय बन्ने रहेछ । हिमाल हाम्रो, समस्या हाम्रो, तर एजेण्डा बनाउने अधिकारचाहिँ अरूको !' बैरीले भन्यो, 'त्यसका लागि लागि कूटनीतिक गठबन्धन बनाउनुपर्छ ।'

'त्यही त ! मन्त्रीको लस्कर बनाएरमात्रै गठबन्धन बन्छ ? सांसदको हुल लिएरमात्रै समर्थन जुट्छ ? पत्रकारको टोली बढाएर मात्रै विश्वको ध्यान तानिन्छ ? कूटनीति भनेको फोटो खिच्ने कला होइन नि बैरी !' मटचाङग्रोले भन्यो, 'नेपालले जलवायु न्यायको माग गरिरहेको छ । विश्वमा हरितगृह ग्यास उत्सर्जन गर्ने धनी मुलुकहरूलाई ऐतिहासिक जिम्मेवारी लिन भनिरहेको छ । तर जलवायु परिवर्तनको सबैभन्दा ठूलो मार खेप्ने नेपालजस्ता देशलाई क्षतिपूर्ति र अनुदान उपलब्ध गराउने विषयमा अझै ठोस परिणाम देखिएको छैन ।'

भोटेकोशीको बाढीले घर बगायो । सडक बगायो । पुल बगायो । खेतबारी बगायो । मानिसको जीविका बगायो । पुनर्निर्माणका लागि नेपाललाई चार अर्ब ७० करोड अमेरिकी डलरभन्दा बढी आवश्यक पर्ने अनुमान पनि गरियो । तर क्षति तथा नोक्सानीसम्बन्धी कोषबाट नेपालका लागि २० मिलियन अमेरिकी डलर स्वीकृत भएको भन्छ । तर त्यो रकम पनि प्राप्त गर्न थप प्रक्रिया पूरा गर्नुपर्ने अवस्था छ । आवश्यकताको पहाड र प्राप्त सहयोगको थुप्रो हेर्दा मटचाङग्रोलाई हाँसू कि रोऊँ भयो ।

बैरी ! हाम्रो देशले मागेको रकम र पाएको रकमको हिसाब गर त ! बाढीले घर लग्यो, अब ऋण लिएर घर बनाऊ भनिएको छ । जलवायु परिवर्तनको दोष अरूको, पुनर्निर्माणको ऋण हाम्रो ! यो कस्तो न्याय हो ?' बैरीले भन्यो, 'त्यसैले त जलवायु न्याय चाहिएको हो ।'

मटचाङग्रोले जवाफ दियो, 'न्याय माग्न गएको टोलीले न्यायको मागलाई बलियो बनाउन सकेन । सम्मेलनमा नेपालको नाम सुनिनुमात्रै उपलब्धि होइन । नेपालका किसान, बाढीपीडित, हिमाली बस्ती र विस्थापित नागरिकको जीवनमा परिवर्तन आउनु उपलब्धि हो ।'

मटचाङग्रोले फेरि सोध्यो, 'यति ठूलो सरकारी टोलीको भ्रमणको प्रतिफल के आयो ? कति खर्च भयो ? कसले के जिम्मेवारी लियो ? कति देशसँग ठोस सहमति भयो ? नेपालले उठाएका मुद्दामा कसले समर्थन गऱ्यो ? फर्केर आएपछि कसले संसद् र जनतालाई जवाफ दिने ?'

'यी प्रश्नको जवाफ खोज्न थाल्यो भने धेरैको अनुहारमा बादल लाग्न सक्छ । काठमाडौंको झरीमा रातो कार्पेट ओछ्याए जस्तो कहाँ हुन्छ र ?,' बैरीले भन्यो, 'कुरा मनासिब नै गरिस् । कसका लागि रातो कार्पेट ओछ्याएको ? कसले रातो कार्पेटमा हिँड्यो भनेजस्तै हो त्यो टर्की मेला पनि ।'

'त्यसो भए भन त, देशको पैसा खर्च गरेर गएको टोलीको हिसाब माग्नु पनि अपराध हो र ?,' मटचाङग्रोले भन्यो ।

'होइन नि !'

'त्यसो भए फर्केर आएपछि हिसाब सार्वजनिक गर्नुपर्छ । मन्त्रीले के बोले, सांसदले के गरे, पत्रकारले के रिपोर्ट गरे, कति खर्च भयो र के उपलब्धि भयो ? जनताले जान्न पाउनुपर्छ । जलवायु परिवर्तनको नाममा भ्रमण गर्ने अधिकार छ भने उपलब्धिको जवाफ दिने जिम्मेवारी पनि हुनुपर्छ ।'

मटचाङग्रोले अर्को शंका गऱ्यो । देशको नीति निर्माणमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था अर्थात् आइएनजिओहरूको प्रभाव कति छ ? सम्मेलनमा नेपालको एजेण्डा कसले तयार गर्छ ? सरकारी अधिकारीले कि परामर्शदाताले ? राष्ट्रिय प्राथमिकता कसले निर्धारण गर्छ ? देशको समस्या र समाधानको खाका कसले बनाउँछ ?'

'हेर बैरी ! हाम्रो मन्त्रालयमा कर्मचारी छन्, मन्त्री छन्, सचिव छन्, विज्ञ छन् । तर नीति बनाउने बेला बाहिरका परियोजना र संस्थाको कागज खोजिन्छ । कार्यक्रम पनि उनीहरूकै, प्रतिवेदन पनि उनीहरूकै, प्राथमिकता पनि उनीहरूकै । अनि सरकारचाहिँ के गर्छ ?'

बैरीले भन्यो, 'अन्तर्राष्ट्रिय सहयोग लिने । आइएनजिओको परियोजनाले देश चलाउने हो कि जनताले चुनेको सरकारले ? विदेशी संस्थाको प्रतिवेदनले राष्ट्रिय नीति बनाउने हो कि नेपालको माटो, किसान र नागरिकको आवश्यकताले ?'

मटचाङग्रोले थप्यो, 'हाम्रा मन्त्रीहरू कोपमा गएर आफ्नै देशको आवाज बन्न सकेनन् भने विदेशी संस्थाका तयार प्रतिवेदन पढेर के हुन्छ ? देशको स्वार्थको पक्षमा अडिन नसक्ने कूटनीतिले जलवायु न्याय दिलाउँछ ?'

मटचाङग्रोले ठट्टा गर्दै भन्यो, 'हुन त मन्त्रीहरूलाई पनि तनाव नै छ नि भोलि छोराछोरीलाई त्यही अन्तर्राष्ट्रिय संस्थामा अवसर खोज्नुपर्छ । आज सरकारको प्रतिनिधि, भोलि कुनै परियोजनाको अतिथि ! त्यसैले कसैलाई किन चित्त दुखाउनु भन्ने होला ।'

जलवायु परिवर्तन कुनै सम्मेलनको भाषण होइन । यो किसानको खेतमा परेको चिरा हो । हिमाली गाउँमा पहिरोले च्यापिएको घर हो । बाढीले बगाएको पुल हो । सुक्दै गएको पानीको मुहान हो । विदेशमा जलवायु न्यायको नारा लगाएर फर्किने तर गाउँमा किसानलाई सिँचाइ, बीउ, मल र राहत दिन नसक्ने शासनको के अर्थ ?'

मटचाङग्रो भन्यो, 'देशको जलवायु संकट गम्भीर छ, तर हाम्रो राजनीतिक नेतृत्वको प्राथमिकता अझै पनि भ्रमणमुखी छ । कोपमा देशको आवाज सुनिनुपर्छ, प्रतिनिधिमण्डलको पाइला होइन । नेपालको हिमाल पग्लिँदै गर्दा मन्त्रीहरूको पद र प्रतिष्ठा जोगाउने कूटनीतिले देश जोगिँदैन ।'

मटचाङग्रोले अन्तिममा भन्यो, 'हिमालको आवाज बन्न नसक्ने प्रतिनिधिमण्डल जति ठूलो भए पनि त्यसको उपलब्धि शून्य हुन्छ । देशलाई कोपमा मन्त्रीको लस्कर होइन, जनताको पक्षमा बोल्ने नेतृत्व चाहिएको हो । नत्र जलवायु परिवर्तनले हिमाल पगाल्ने छ, बाढीले बस्ती बगाउने छ, पहिरोले खेत लैजाने छ र हाम्रो सरकारचाहिँ अर्को सम्मेलनमा जन्ती जानका लागि निम्तो कुर्दै बस्ने छ ।'

मिथिला क्षेत्रमा घरआँगनमै छठघाट तयार गरी पर्व मनाउने क्रम बढ्दै

■ गोपालप्रसाद बराल



महोत्तरी– बर्दिबास-२ अस्पतालचोकमा यसपटक घरघरैजसो छठघाट बने । यसै चोकका देवनारायण महतोले घरअगाडि छठघाटकै लागि सानो पोखरी नै बनाएका छन् । पछिल्ला तीन वर्षयता आफ्नै आँगनमा घाट बनाएर छठ मनाउँदै आएका उनले निर्मित सानो पोखरीमा रातु नदीको कुलोबाट पानी भरेपछि नुहाउन र अर्घ्य दिने प्रयोजनमा सहज बनेको बताए ।

'नदी निकै टाढा छ, घरपायक पर्ने पोखरीका घाटमा ठाउँ पाउँन छोडचो,' महतोले भने, 'यसरी घरआँगनमै घाट बनाएपछि परिवारका सबै एकै ठाउँमा रही अर्घ्यमा सहभागी हुन पाइयो, अब सधैंलाई ढुक्क भयो ।' महतोजस्तै बर्दिबास-२ कै छिमेकी उपेन्द्र महतो, बुधन महतो, पवि रेग्मी, भरत ठाकुर र वीरेन्द्र झाले पनि आफ्नै घरआँगनमा छठघाट बनाएर पर्व मनाउन थालेका छन् ।

बर्दिबास बजार क्षेत्रमात्र नभएर यसै नगरपालिका क्षेत्रका हाथीलेट, बिजलपुरा, मेघरोल, प्रेमनगर, पशुपतिनगर, किसाननगर र मनहरिपुरसहितका बस्तीका घरआँगनमा छठघाट बनाएर पर्व मनाउने क्रम हवात्तै बढेको देखिन्छ । यसैगरी गौशाला र भंगाहा नगरपालिकाका बस्तीहरूमा पनि घरआँगनमै छठघाट बनाएर धेरैले पर्व मनाएका छन् ।

'बस्तीको पुछारको पोखरीमा घाट त बन्यो, तर हामीले ठाउँ पाएनौं,' भंगाहा-४ रामनगरकी व्रतालु कञ्चन मुखियाले भनिन्, 'घरकै नावर सफा गरेर पानी भरियो, यसपटक यहीं मनाइयो ।' ग्रामीण क्षेत्रभन्दा सहरीकरण हुँदै गएका बस्तीमा यो क्रम बढेको पाइन्छ । पहिलेजस्तो सामूहिकरूपमा छठ मनाउने चलन क्रमशः हराउँदै गएकामा स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

'पहिले छठघाटको सरसफाइ, साजसज्जा र व्यवस्थापनमा एउटा बस्तीभरिका परिवार सरिक हुन्थे, अब यसकिसिमिको सामूहिकताको चलन हराउँदै गएको छ,' गौशाला-१० लक्ष्मीनियाँका ७५ वर्षीय लक्ष्मीप्रसाद महतोले भने, 'यस्तै चलन बढ्दै गए एकै टोल-बस्तीका बासिन्दाबीच हेलमेल तथा हार्दिकतामा कमी आउँछ, यसले छठ पर्वको मौलिकता र रौनकता हराउँदै जाने हो कि भन्ने अवस्था सिर्जना भएको छ ।'

विशेषगरी सहरीकरणसँगै मिथिला क्षेत्रका नयाँ पुस्ताका युवा-युवतीको व्यस्तता र जलाशयहरूमा ठाउँको अभावले छठघाट घरआँगनमै बन्न थालेको सन्दर्भमा पुराना पुस्ताले भने यसलाई सहजरूपमा लिएको देखिँदैन । गौशाला-१२ पडरियाका बासिन्दा एवं पत्रकार राजीव राय कर्मीका अनुसार स्थानीय गाउँबस्ती तालतलैया तथा पोखरी लोप हुँदै गएको तथा घरनजिकका पोखरीमा ठाउँको अभाव भएको अवस्थामा बाध्य भई घरआँगनमै छठघाट तयार गरी पर्व मनाउने चलन बढ्दै गएको हो ।

यसपटक बर्दिबास-७ को प्रेमनगर पनि घरमै छठघाट बनाएर छठ पर्व सम्पन्न गरिएको छ । करिब ३०० घरपरिवारको बसोबास रहेको सो बस्तीमा पोखरी नभएको र नजिकको बडहरी नदीमा पानी सुकेकाले आ-आफ्ना इनार छेउमा छठघाट बनाएर नावरमा भरिएको पानीमा नुहाउने र अर्घ्य दिने विधि सम्पन्न गरेर पर्व मनाइएको स्थानीय शिक्षक राजवीर महतोले जानकारी दिए ।

पछिल्ला समय धेरैजसो गाउँठाउँमा पोखरी, जरुवा र नदीका मुहान सुक्न थालेपछि मान्छेलाई छठ मनाउन प्रकृतिले नै नयाँ विकल्प सुझाएको भन्ने भनाइ यस क्षेत्रमा सुन्न पाइन्छ । बर्दिबास-९ पशुपतिनगरका बासिन्दा एवं सञ्चारकर्मी सुरेन्द्रकुमार सिंहले भने, 'सबैकुरा समय र परिवेशले सिकाउँदो रहेछ, हामीले अब घरआँगनमै छठघाट बनाएर पर्व मनाउन सिक्यौं, हामीले नचाहे पनि अब यो क्रम बढ्दै जाने छ ।' पोखरी र स-साना डबरा सुक्ने र भूल (जरुवा) मासिँदै गएपछि पहिलेका सामूहिक छठघाटको परम्परा छुट्दै अब मान्छेले घरघरै छठघाट बनाउने कुरा सिक्दै गएका चुरे तथा जलाधार विज्ञ सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादवको भनाइ छ ।

स्थानीय बुद्धिजीविहरूका अनुसार तराई मधेस क्षेत्रका परम्परागत नदीनाला तथा ताल लोप हुन थालेसँगै घरपायक छठघाटको अभाव, बढ्दो सहरीकरणसँगै व्यस्त जीवनशैली, सजिलोका लागि वैकल्पिक उपायको खोजी, चाडपर्व, धर्म-संस्कारलाई आत्मसात गरे पनि सामूहिक भेटघाट र बसाइभन्दा पनि घरपरिवारमा रमाउने युवा पुस्ताजस्ता कारण आआफ्नै निवासपरिसरमा छठघाट तयार गर्नेक्रम बढेको तर यसले छठ पर्वको मौलिक पक्ष कमजोर भई आपसी एकता, सद्भाव र हार्दिकता कमजोर हुनेसक्नेतर्फ सचेत हुन आवश्यक छ । *रासस*

राप्ती तटमा यस वर्षको छठ पूजामा ६५ हजारभन्दा बढी भक्तजन सहभागी

बागमती– हेटौंडाको राप्तीतटमा आयोजित छठ विशेष पूजा समारोहमा यस वर्ष ६५ हजारभन्दा बढी भक्तजन सहभागी भएका छन् । हेटौंडास्थित राप्ती नदी किनारको दायाँतर्फ निर्माण गरिएको पूजास्थलमा यस वर्ष ६५ हजारभन्दा बढी भक्तजन सहभागी बनेको छठ पूजा समिति हेटौंडाका संयोजक रवि गुप्ताले जानकारी दिए ।

राप्ती तटमा आयोजित छठ विशेष कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीसहित विभिन्न उच्च पदस्थ सरकारी कर्मचारी, राजनीतिक दलका नेता, जनप्रतिनिधिलगायतको उपस्थिति थियो । छठलाई लक्षित गरी सात फिटको पण्डालसहित भक्तजनका करिब ६० हजार भक्तजन सहभागी हुन सक्नेगरी पूजास्थल तथा विभिन्न संरचना निर्माण गरिएकोमा उक्त स्थल खचाखच भरिएको थियो ।

भक्तजनको उल्लेख्य उपस्थितिका कारण आइतबार साँझ पूर्वपश्चिम राजमार्गअन्तर्गतको राप्ती रोडमा केही समय सडकमा केही समय जामको अवस्था सिर्जना भएको उनले जानकारी दिए । हेटौंडामा पछिल्लो २० वर्षयता छठ पूजाप्रतिको आकर्षण निरन्तर बढ्दै गएको उनको भनाइ छ । *रासस*

नवदुर्गा देवगणको वार्षिक जात्रा तालिका सार्वजनिक

ख्वप (भक्तपुर)– यस वर्षको नवदुर्गा देवगणको वार्षिक जात्रा तालिका सार्वजनिक गरिएको छ ।

तालिकाअनुसार आगामी मंसिर १० गते बिहीबार भक्तपुर नगरपालिका-५ स्थित तलेजु मन्दिरमा ख प्याखँ प्रदर्शन गरी यस वर्षको जात्रा सुरु हुने छ । जात्रा तथा मन्दिर व्यवस्थापन समितिका सल्लाहकार नारायणमान बनमालाले मंसिरदेखि चैतसम्म भक्तपुरसहित काठमाडौं र काभ्रेका विभिन्न स्थानमा जात्रा सञ्चालन हुने जानकारी दिए ।

पुस ९ गते मध्यपुरथिमिको दिगुटोलमा देवगणको आगमन हुने छ भने पुस १० देखि १५ गतेसम्म मध्यपुरथिमिका विभिन्न स्थानमा जात्रा सञ्चालन हुने छ । त्यसैगरी, पुस १७ देखि २१ गतेसम्म काठमाडौंको टोखा, गोकर्ण र चपली क्षेत्रमा जात्रा हुने छ । नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बालगोपाल वनमालाले पुस ३० गतेदेखि माघ ६ गतेसम्म भक्तपुरको सूर्यमढी, दत्तात्रय, क्वाठण्डौं र गछें क्षेत्रमा जात्रा सञ्चालन हुने बताए ।

माघ १५ देखि १८ गतेसम्म काठमाडौंको साँखु, माघ १९ र २० गते चाँगुनारायण तथा माघ २८ र २९ गते भक्तपुर नगरपालिका-६ स्थित महालक्ष्मी क्षेत्रमा जात्रा हुने तालिकामा उल्लेख छ । त्यस्तै फागुन महिनामा भक्तपुरका विभिन्न स्थानसँगै काभ्रेको साँगा र नालामासमेत जात्रा सञ्चालन हुने छ । फागुन ६ र ७ गते साँगा तथा फागुन २८ देखि ३० गतेसम्म नाला क्षेत्रमा जात्रा हुने छ ।

चैत १ र २ गते धुलीखेल तथा चैत ३ गते काभ्रेको श्रीखण्डपुरमा जात्रा सञ्चालन हुने छ । यसैगरी चैत २५ र २६ गते भक्तपुरको बालाखु क्षेत्रमा जात्रा सञ्चालन भएसँगै यस वर्षको सार्वजनिक जात्रा तालिका सम्पन्न हुने छ । नवदुर्गा देवगणको जात्रा भक्तपुरको जीवन्त सांस्कृतिक एवं ऐतिहासिक सम्पदाका रूपमा परिचित छ । विभिन्न देवीदेवताको स्वरूपमा मुकुण्डो धारण गरेका देवगण नगर तथा विभिन्न बस्तीमा पुगेर नाच तथा जात्रा प्रदर्शन गर्ने परम्परा रहिआएको छ । प्रत्येक वर्ष दसैंमा राष्ट्रपति दर्शन गर्न आउने भक्तपुरको नवदुर्गा द्योछें(देवता घर) हो । *रासस*

सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १९१ कात्तिक ३० गते २०८३ मा प्रकाशित **Al Haya Recruitment Pvt. Ltd.** को **LT No.344806** भएका **GREEN VIEW GARDEN SDN. BHD.** कम्पनीको **Services-Cook** को सङ्ख्या पुरुष-५, अन्तरवार्ता मिति ५ मंसिर २०८३ **(5th Nov.2026)** हुनुपर्ने, र यो विज्ञापन मिति २०८३ कात्तिक २८ प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले मिति २०८३ कात्तिक ३० गते प्रकाशन गरिएको जानकारी गराइन्छ ।

Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

कुवेतमा रोजगारको अवसर Free Visa!! Free Ticket!!
कम्पनी : AGTHIA GENERAL TRADING & CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०५/०३ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/३० LT. No. 346755 चलानी नं. ६०१५९८९२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant Cook	15	15	140	६७,८१५	श्रम नि. अनुसार	८ घण्टा	६ दिन	श्रम नि. अनुसार	छ		२ वर्ष
2	Cleaners (Male)	20	0	110	५३,३६१							
3	Driver Heavy Vehicle (Nepal License)	20	0	200	९७,०२१							
4	Light Driver (Nepali License)	20	0	150	७२,७६६							
5	Waiter/waitress	25	15	135	६५,४८९							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर ८ गते (24th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे हि मेडिकल खर्च गर्नुपर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा अरिबे बिमा खर्च गर्नुपर्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट गर्नुपर्ने	बिमा शुल्क गर्नुपर्ने	कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रकम:	सेवा शुल्क:	अनिवासिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	बिमा रद्दीपछि शुल्क गर्नुपर्ने व्यहोर्ने
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,२०० - रोजगारदाता कम्पनीले	निःशुल्क	९,७००/- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफ्नु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफ्नु अठोटाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैसाई नतिर्नुहोला । ४.विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानुअघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफ्नुसंग राख्नुहोला । ६. कामना विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केही कुरा बुझ्न परेमा वैदेशिक रोजगार विभाग, तालचालमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७

साउदीमा रोजगार कम्पनी : KHONAYSSER POWER FOR ENERGY
पूर्व स्वीकृति मिति : २०८३/०७/२८ LT. No. 350443 चलानी नं. ६०१६३४१६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Paint Production Machine Operator	2	0	1500	६०,९३५	श्रम नि. अनुसार	८ घण्टा	६ दिन	श्रम नि. अनुसार	छ		२ वर्ष
2	Loading and unloading worker/ helper	2	0	1500	६०,९३५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर ८ गते (24th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिने हि मेडिकल खर्च कसले व्यहोर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा अरिने बिमा खर्च कसले व्यहोर्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	बिमा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसस्रोतसहित)	कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रकमबारे:	सेवा शुल्क:	अनिवासिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	बिमा रद्दीपछि शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	१,२१६ - कामदारले तिर्ने	९,२०० - कामदार आफैले	निःशुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कमैसाई नतिर्नुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६. कामना विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही कुरा बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालचालमा सम्पर्क गर्नुहोला ।

AL HAYA
Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com
श्रम इजाजत नं. २०८३/०७३/०७८

युएइ/कुवेतमा रोजगार कम्पनी : RIGHTFORCE MANPOWER SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०४/२५ पूर्व स्वीकृति मिति : २०८३/०७/३० LT. No.337002 चलानी नं. ६०१५०८०९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker/Factory Worker	92	0	1000	८१,१४८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : UNIVERSAL PRECISION SECURITY SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०२/०१ पूर्व स्वीकृति मिति : २०८३/०७/३० LT. No. 342185 चलानी नं. ६०१५५४९१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guards	18	0	1500	९१,७२२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : UNITED FOODS CO.
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ पूर्व स्वीकृति मिति : २०८३/०७/३० LT. No. 343509 चलानी नं. ६०१५६८१८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker/factory Worker	13	0	1000	८१,१४८	श्रम नि. अनुसार	८ घण्टा	६ दिन	श्रम नि. अनुसार	छ		२ वर्ष
2.	Packer Worker	17	0	1000	८१,१४८							

कम्पनी : BRUSH SALON FOR LADIES BEAUTY COMPANY सेवा शुल्क रु. १०,०००/-
पूर्व स्वीकृति मिति : २०८३/०८/०६ पूर्व स्वीकृति मिति : २०८३/०७/३० LT. No. 345298 चलानी नं. ६०१५८५७८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Beautician /Hairdresser	0	3	150	७२,७७७	श्रम नि. अनुसार	८ घण्टा	६ दिन	श्रम नि. अनुसार	छ		२ वर्ष
2.	Cleaner General	0	10	130	६३,०७८							

स्वदेशमा अरिबे हि मेडिकल खर्च कसले व्यहोर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा अरिबे बिमा खर्च कसले व्यहोर्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	बिमा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसस्रोतसहित)	कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रकमबारे:	सेवा शुल्क:	अनिवासिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	बिमा रद्दीपछि शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	१,२१६ - कामदारले तिर्ने	९,२०० - कामदार आफैले	निःशुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर ८ गते (24th Nov. 2026) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कमैसाई नतिर्नुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६. कामना विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही कुरा बुझ्न परेमा वैदेशिक रोजगार विभाग, तालचालमा सम्पर्क गर्नुहोला ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9712062096, 9705779699,9849149768,9813975678
श्रम इजाजत नं. ९१५/०६७/६८

जापानमा रोजगार कम्पनी : TMJ COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८३/०७/३० LT. No. 350492 चलानी नं. ६०१६३४१८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Scaffolding Installation Woker	3	0	190000	९,८०,०६४	क.नि. अनुसार	८ घण्टा	५ दिन	क.नि. अनुसार	छैन	छैन	३ वर्ष

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर ९८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिसकेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिसकेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्कीएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कमैसाई नतिर्नुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) विदेश जानुअघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालचालमा सम्पर्क गर्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

ARANIKO OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 5010657/5010658, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com
श्रम इजाजत नं. २८७/०७८/०७९

युएइमा रोजगार कम्पनी : MADAR STEEL INDUSTRIES L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०७/३० LT. No. 350481 चलानी नं. ६०१६३४१३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker	60	0	1000	८१,१४८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ८ गते (24th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा अरिबे हि मेडिकल खर्च कसले व्यहोर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा अरिबे बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | बिमा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्

प्रभाव दैनिक

रूपशाला

बिपीको 'तीन घुम्ती' अब नाटकमा

विश्वेश्वर प्रसाद (बिपी) कोइरालाको कालजयी उपन्यास 'तीन घुम्ती' नाटकमा हेर्न पाइने भएको छ । कान्तिपुर थिएटरले उपन्यासलाई नाटकको रूपमा प्रस्तुत गर्न लागेको हो । सुनैना पन्थीको परिकल्पना तथा निर्देशन रहने नाटकको नाट्य लेखन तथा रूपान्तरण कवयित्री रिमा केसीले गरेकी छन् । यसअघि 'मिरा', 'शिरीषको फूल', 'महारानीको जात्रा', 'सेतो धरती', 'महाभारत' र 'समर लभ' जस्ता नाटकहरु मञ्चन गरेको थिएटरले दर्शकको चाहना अनुसार यो नाटक मञ्चन गर्न लागेको हो । नाटक 'तीन घुम्ती' का तीन मुख्य पात्रहरु इन्द्रमाया, पीताम्बर र रमेशको भूमिकाका लागि अडिसन मार्फत कलाकार छनोट गर्न लागिएको छ ।



मंगलबार, ०१ मंसिर २०८३ (Tuesday, 17 November 2026)

नइ एकेडेमी अस्ट्रेलियाद्वारा नेपाली भाषा र साहित्यका १४ विधामा पुरस्कार प्रदान

■ प्रभाव संवाददाता



काठमाडौं– नइ एकेडेमी, अस्ट्रेलियाले विभिन्न १४ विधामा 'नइ उत्कृष्ट पुरस्कार' प्रदान गरेको छ । अस्ट्रेलियामा नेपाली समुदायको उत्थान, नेपाली भाषा, कला तथा संस्कृतिको संरक्षण र सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई 'नइ पुरस्कार' बाट सम्मान गरिएको सस्थाले जनाएको छ ।

बहुसांस्कृतिक नेतृत्व तथा सामुदायिक विकास विधामा डा कृष्ण हमाल र मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम सचेतना विधामा भरत नेपाललाई पुरस्कृत गरिएको छ । नइ एकेडेमी, अस्ट्रेलियाका संस्थापक तथा अध्यक्ष सीमा रोशीका अनुसार नेपाली तथा अस्ट्रेलियियन समुदायको विकासमा उल्लेखनीय योगदान पुऱ्याएवापत सञ्जीवकुमार शर्मालाई 'नइ उत्कृष्ट पुरस्कार' समर्पण गरिएको छ ।

नेपाली साहित्यमा उत्कृष्ट लेखनका लागि प्रकाश पन्थीलाई 'नइ पारिजात पुरस्कार' प्रदान गरिएको छ । त्यस्तै, सञ्चारमार्फत सामुदायिक सम्बन्ध सुदृढ बनाउन योगदान पुऱ्याएको भन्दै डा भरत पौडेललाई सम्मान गरिएको छ । मानवसेवा अस्ट्रेलियालाई उल्लेखनीय योगदान पुऱ्याएवापत एक हजार डलर राशिको 'नइ मानवसेवा पुरस्कार' समर्पण गरिएको छ । अस्ट्रेलिया इन्कर्पोरेटेड र पत्रकारिता तथा सांस्कृतिक सम्पदा संरक्षणमा योगदानका लागि आचार्य राजन शर्मालाई नइ पुरस्कार प्रदान गरिएको छ । संस्थागततर्फ नेपाली एसोसिएसन अफ वेस्टर्न अस्ट्रेलिया इन्क उत्कृष्ट सामुदायिक संस्थाका रूपमा सम्मानित भएको छ । पश्चिमी अस्ट्रेलियामा नेपाली भाषा, कला र संस्कृतिको संरक्षण तथा नेपाली समुदायको सशक्तीकरणमा संस्थाले पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो ।

त्यसैगरी, बहुभाषिक पत्रकारिता तथा सांस्कृतिक सम्पदा संरक्षण विधामा डा राजु मानन्धर, सामुदायिक सेवा तथा विकास विधामा प्रकाश पौडेल र महिला सशक्तीकरण तथा नेतृत्व विधामा उषाकिरण बरिया पोखरेल पुरस्कृत भएका छन् । संगीततर्फ नेपाली सांगीतिक सम्पदाको प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै निशा केसीलाई सम्मान गरिएको छ । 'द भ्वाइस अफ नेपाल' मार्फत चर्चामा आएका उदाउँदा गायक तथा संगीतकर्मी 'तिखतार' लाई पनि पुरस्कृत गरिएको छ ।

नेपाली समुदायको विकास र उन्नतिमा उत्कृष्ट योगदानका निम्ति राजकुमार भण्डारीलाई 'नइ पुरस्कार' प्रदान गरिएको छ ।

'फ्रेञ्च किस' को रिलिज डेट तय



■ प्रभाव संवाददाता

काठमाडौं– चलचित्र 'फ्रेञ्च किस'ले टिजर सार्वजनिक गर्दै रिलिज डेट अनाउन्स गरेको छ । आज ओएसआर डिजिटलमार्फत टिजर सार्वजनिक गर्दै सिनेमाको प्रदर्शन मिति जानकारी गराइएको हो ।

'फ्रेञ्च किस' माघ १ गतेबाट प्रदर्शनमा आउने भएको छ । माघे संक्रान्तिको अवसर पारेर यो सिनेमा प्रदर्शनमा आउन लागेको हो ।

सार्वजनिक टिजरमा एक युगल जोडी छ । जो काठमाडौंका सुन्दर ठाउँदेखि तालसम्म हात समाएर घुम्छ । प्रेमका बारे आआफ्ना धारणा राख्छ । प्रेम आधुनिक समयमा मिथमा परिणत भइसकेको बताउँछ ।

केटा र केटी नै एकअर्काप्रति आकर्षित छन् । एकान्तमा बसेर किस गर्छन् । र, होटेलमा पसेर जवानी साट्छन् । त्यसपछि केही ठूलठूलो स्वरमा बोलेको सुनिन्छ, यसले उनीहरूको सम्बन्धमा चिसोपना आएको अनुमान लगाउन सकिन्छ । यसले आधुनिक प्रेममा देखिने गरेको क्षणिकता र आकर्षणलाई संकेत गरेको छ । टिजरमा अर्पण थापा र थिन्ले ल्हामो मात्रै छन् । उनीहरूको रोमान्सको वरिपरि टिजर घुमेको छ । अर्पण थापाले निर्देशन गरेको चलचित्रमा अर्पण र थिन्ले ल्हामोसँगै रेखा थापा, गौरी मल्ल, आयशा तामाङलगायत कलाकारको अभिनय छ ।

'फ्रेञ्च किस'मार्फत नयाँ पुस्ताको प्रेमकथामा फरक ढंगले प्रस्तुत हुने निर्देशक थापाले यसअघि नै बताइसकेका छन् । चलचित्रको कथा पनि निर्देशक स्वयंको छ । निर्माण टिमले 'फ्रेञ्च किस'लाई नयाँ पुस्ताको स्वाद अनुसारको चलचित्र भनेको छ । दर्शकले आधुनिक प्रेमकथाको अनुभूत यो चलचित्रमार्फत गर्न पाउने निर्देशक अर्पणले बताएका छन् । ए.टी.एफ. प्रोडक्सन प्रा.लि.को ब्यानरमा निर्माण हुने चलचित्रलाई अभिनेता समेत रहेका अर्पण थापाले निर्देशन गरेका छन् । चलचित्रको कार्यकारी निर्माता सौगात बस्नेत र सह-निर्माता सुभाष बी. शाही छन् । चलचित्रलाई सिनेमेटोग्राफर सुदीप बरालले खिचेका छन् । चलचित्रमा संगीत चर्चित गायक तथा संगीतकार दीपक बज्राचार्यको रहनेछ ।

'हिमालयन गोल्ड'मा कर्माको 'खल' भूमिका



काठमाडौं (प्रस)– अभिनेता कर्मा कमै फिल्ममा मात्र नकारात्मक भूमिकामा देखिएका छन् । तर जतिमा देखिएका छन्, ती भूमिका दर्शकले उत्तिकै मनपराइरहेका छन् । यिनै कर्मा आगामी मंसिर ४ गतेबाट रिलिज हुने फिल्म 'हिमालयन गोल्ड'मा 'प्रकाश' नामक खलपात्रको भूमिकामा देखिँदैछन् । जुन भूमिका उनकै भनाईमा परिस्थिति अनुसार पात्रले निभाउँछ ।

कर्मा आफ्नो चरित्रलाई पहिलाको भाषामा 'गुण्डा'को ट्याग दिन्छन् । 'मेरो चरित्र नै नेगेटिभ सेडको छ । पहिलाको चलचल्तीको भाषामा भन्नुपर्दा गुण्डाको छ । तर म त्यसलाई त्यसरी लिँदिन, किनकी यो एउटा पात्र हो । संयोगवस त्यो पात्रले उसको परिस्थिति अनुसार कामहरू गर्यो,'कर्मा भन्छन्, 'मेरो क्यारेक्टरले पनि परिस्थिति अनुसार यार्सागुम्बा लुट्नेदेखि लिएर यताउता गर्ने काम गर्छ । यो भन्दा अगाडि लुटमा पनि बैंक लुट्ने क्यारेक्टर थियो । मान्छेहरू एउटा पात्रले किन त्यस्तो काम गर्छ भनेर प्रश्न गर्छन् । तर त्यो काम भनेको परिस्थिति अनुसार हुँदै जाने हो नि ।'

कर्मा फिल्म 'हिमालयन गोल्ड' को अनुभव रमाइलो रहेको सुनाउँछन् । 'निर्देशक धिराज राजवंशीको यो पहिलो फिल्म हो । यसको स्क्रिप्ट, मसँगै अन्य पात्रहरू, सबै कुराहरू नै पृथक छ । मैले गर्न खोजिरहेको फिल्महरूमध्ये 'हिमालयन गोल्ड' पनि एक हो । किनकी यसको कथावस्तु, प्रेजेन्टेसन पनि पृथक छ', उनी भन्छन् ।

कर्माले यसअघि धिराजको बुवासँग फिल्म 'शेरबहादुर'मा सहकार्य गरेका रहेछन् । उनको बुवासँग काम गरेको अनुभवले पनि कर्मालाई धिराजसँग सहकार्य गर्न सजिलो भएको रहेछ । निर्देशक धिराजले आफूलाई कथा सुनाउँदा त्यसलाई कसरी प्रस्तुत गर्ने भन्ने कुरा पनि बताएकोले फिल्ममा काम गर्न सजिलो भएको बताए ।

कर्मा 'हिमालयन गोल्ड' भन्दा अघि पनि मुस्ताङ, डोल्पा पुगेका रहेछन् । 'त्यतिबेला म प्रत्यक्ष रूपमा यार्सागुम्बा टिप्ने ठाउँसम्म नै पुगेको त थिइनँ । तर पुग्ने मानिसहरूसँग मैले घुलमिल गरेको थिएँ । ९० को दशक पछि नै यार्सागुम्बा विश्वबजारमा फैलन थालेको । यो सिजनमा टिप्ने बेलामा म डोल्पामै हुँदा खेरी पनि स्कुल बन्द गरेर बच्चाबच्चा लिएर ठूलो समूह यार्सागुम्बा टिप्न गएको देखेको छु । बच्चाहरूलाई लिएर जाने कारण चाहिँ बच्चाको आँखा तेजिलो हुन्छ भन्ने रहेछ । जसकारण स-साना यार्सागुम्बाहरू पनि टिप्न सजिलो हुँदो रहेछ', उनले भने, 'मैले स्थानीयसँग कुरा गर्दा पहिला पहिला लुटपाट र झगडा पनि हुन्थ्यो रे । अहिले अलिक व्यवस्थित छ । नेपाली सेनाहरू यार्सागुम्बा टिप्नुभन्दा अगाडि नै लेकमा पुगिसकेका हुन्छन् । मान्छेको समूह अनुसार यार्सागुम्बा टिप्ने डाँडा छुट्याइएको हुन्छ । पोखरा, काठमाडौं, सुर्खेतबाट आएका मान्छेहरूले यार्सागुम्बा टिप्नका लागि टिकट लिन्छन् । यहाँबाट आएका कति मान्छेहरू लेक लागेर बिरामी भएको पनि देखेको छु ।'

कर्माले यार्सागुम्बाकै विषयमा एरिक भ्यालीले निर्माण गरेको डकुमेन्ट्री र अन्य निर्देशकको डकुमेन्ट्री हेरेकाले पनि यार्सागुम्बाका विषयमा धेरथोर जानकारी भएको बताए । 'अहिले त यार्सागुम्बा भनेर एउटा पेयपदार्थ नै बनाइएको छ । विश्वमाझ नै यार्सागुम्बालाई शक्ति प्रदान गर्ने औषधिका रूपमा चित्रण गरिएको छ,' कर्मा भन्छन् ।

कर्माको अनुभवमा मुस्ताङको लोकेसन नै यो फिल्मको सुटिङका लागि चुनौति थियो । 'ट्रेलरमा देखाइएको जुन गुफामा हामीले सुट गरेका छौं । त्यो चाहिँ हाइ अल्टिच्युडमा थियो । त्यति उच्च स्थानमा रहेको गुफामा सुटिङ गर्नु आफैंमा चुनौति थियो । त्यहाँ धुलो उड्नेदेखि अक्सिजन नपुग्नेसम्मका चुनौति थिए । त्यस्ता चुनौतिका बाबजुद पनि सुटिङ गर्यौं । हामीले त्यो गुफामा झण्डै पाँच दिन लगाएर एक्सन दृश्य सुट गर्यौं', उनले सम्झिए ।

फिल्ममा परीक्षा लिम्बुले निभाएको फिमेल लिड प्रोटागोनिस्ट चरित्र, सुनिल थापाको अभिनयसँगै कथाको दृष्टिकोणले पनि हिमालयन गोल्ड हेर्नुपर्ने कर्माको तर्क छ । 'अझ रोचक कुरा त के भने यो फिल्ममा गीत नै छैन । गीत बिनाको कथात्मक फिल्म हेर्न चाहनेका लागि हिमालयन गोल्ड उपर्युक्त फिल्म बनेको छ', उनी भन्छन् ।

ह्वाइट एलिफेन्ट मोसन पिक्चर प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा कर्मा शाक्यसँगै परीक्षा लिम्बु, सुनिल थापा, मेनुका प्रधान, राहुल एन. मुखिया, अङ्गित खड्का, सुनिल तामाङ, तेन्जिङ ठकुरी, सविता अधिकारी र ऋषिकेश बस्यालको पनि अभिनय रहेको छ । यो फिल्मको सबैभन्दा भावनात्मक पक्ष यो नेपाली सिनेमाका वरिष्ठ अभिनेता सुनिल थापाको अन्तिम चलचित्र हुनु हो । निर्देशक राजवंशीका अनुसार थापाको अन्तिम अभिनयलाई नेपाल र भारतका दर्शकसम्म पुऱ्याउनु उनको योगदानप्रति उचित श्रद्धाञ्जली हुने भनाइ छ ।

हिमाली क्षेत्रको पृष्ठभूमिमा निर्माण गरिएको यो सर्भाइभल थ्रिलर फिल्मले अस्तित्वको संघर्ष, लोभ र विश्वासघातलाई मुख्य कथावस्तु बनाइएको छ । यो फिल्मका निर्माता मीनबहादुर भाम, लाइन प्रोड्युसर शैलेन्द्र डी. कार्की, सह-निर्माता सुयश ज्ञवाली र कायकारी निर्माता राजु राजवंशी रहेका छन् ।

रंगशाला

एनपिएल क्रिकेट

फाइनल प्रवेशका लागि आज लुम्बिनी र सुदूरपश्चिम भिड्दै

■ प्रभाव संवाददाता



काठमाडौं– नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगिताको तेस्रो संस्करणको लिग चरणका खेल सकिएसँगै फाइनल प्रवेशका लागि हुने क्वालिफायर-१ को पहिलो खेल आज हुँदै छ ।

अंक तालिकाको शीर्ष दुई स्थानमा रहेका साविक विजेता लुम्बिनी लायन्स र उपविजेता सुदूरपश्चिम रोयल्सबीच आज (मंगलबार) साँझ ४:३० बजे हुनेछ ।

नेपाली राष्ट्रिय टिमका पूर्वकप्तान रोहितकुमार पौडेलको कप्तानीमा रहेको लुम्बिनी लिग चरणमा ११ अंक जोड्दै शीर्ष स्थानमा रहन सफल भएको हो । सात खेल खेलेको लुम्बिनीले पाँच खेलमा जित र एक खेलमा हार बेहोरेको थियो । वर्षाका कारण एक खेल रद्द भएपछि दुवै टोलीले अंक बाँडेका थिए ।

यस्तै, राष्ट्रिय टिमका वर्तमान उपकप्तान दीपेन्द्रसिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिम १० अंकसहित दोस्रो स्थानमा रहँदै क्वालिफायर-१ मा पुगेको हो । सुदूरपश्चिमले लिग चरणका सात खेलमध्ये पाँचमा जित र दुईमा हार बेहोरेको थियो ।

मंगलबार हुने क्वालिफायर-१ को विजेता टोली सिधै फाइनलमा प्रवेश गर्नेछ । पराजित हुने टोलीसँग पनि फाइनल पुग्ने अर्को अवसर रहनेछ ।


क्वालिफायर-१ मा पराजित टोलीले बुधबार हुने तेस्रो स्थानको काठमाडौं गोर्खाज र चौथो स्थानको चितवन राइनोजबीचको इलिमिनेटर खेलको विजेतासँग बिहीबार क्वालिफायर-२ मा प्रतिस्पर्धा गर्नेछ । उक्त खेलको विजेता फाइनलमा प्रवेश गर्नेछ ।

ब्याटिङ र बलिङ दुवैमा सन्तुलित प्रदर्शन गर्दै आएको लुम्बिनी लगातार दोस्रोपटक फाइनल पुग्ने लक्ष्यमा छ । यता, अघिल्ला दुवै संस्करणमा फाइनल खेलेर पनि उपाधि जित्न नसकेको सुदूरपश्चिम यसपटक लगातार तेस्रोपटक प्लेअफमा स्थान बनाउँदै उपाधि उचाल्ने योजनामा मैदान उत्रनेछ । लुम्बिनी र सुदूरपश्चिमबीचको यो खेलले अघिल्लो संस्करणको फाइनलको झल्को दिलाउनेछ । अघिल्लो संस्करणमा सुदूरपश्चिमलाई हराउँदै लुम्बिनीले पहिलो उपाधि हात पारेको थियो ।

यसपटक पहिलो संस्करणको जनकपुर बोल्ट्ससहित कर्णाली याक्स, विराटनगर किङ्ग्स र पोखरा एभेञ्जर्स लिग चरणबाट बाहिरिएका थिए ।

नेपाल फुटबल लिग फागुन १ देखि

■ प्रभाव संवाददाता



काठमाडौं– नेपाली फुटबललाई नयाँ दिशा र व्यावसायिक रूपान्तरण दिने उद्देश्यका साथ घोषणा गरिएको 'नेपाल फुटबल लिग' (एनएफएल) आगामी २०८३ साल फागुन १ गतेबाट सञ्चालन हुने भएको छ ।

एनएफएलका अध्यक्ष कल्याण गुरुङद्वारा जारी प्रेस विज्ञप्ति अनुसार, लिग सञ्चालनका लागि राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले औपचारिक रूपमा अनुमति प्रदान गरिसकेको छ । राखेपको अनुमतिले लिगको आयोजना तयारीलाई थप व्यवस्थित र प्रभावकारी रूपमा अघि बढाउन ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

एनएफएलको ऐतिहासिक पहिलो संस्करणमा घरेलु फुटबलका पुराना ७ वटा र नयाँ ३ वटा गरी कुल १० वटा क्लबले प्रतिस्पर्धा गर्नेछन् । त्यसका लागि एनएफएलले ३ नयाँ टिमका लागि आह्वान मागि सकेको छ ।

देशका विभिन्न शहरहरूको प्रतिनिधित्व गर्ने यी १० वटा शहरलाई एउटै प्रतिस्पर्धात्मक मञ्चमा जोड्दै नेपाली फुटबलको दायरा देशव्यापी रूपमा विस्तार गरिने आयोजकले जनाएको छ ।

नेपाली फुटबलको व्यावसायिक रूपान्तरणका लागि समय, लगानी, प्रतिबद्धता र सबै पक्षको सहकार्य अनिवार्य रहेको प्रेस विज्ञप्तिमा औंल्याइएको छ । चुनौतीहरूको बाबजुद सम्भावनाको खोजी गर्दै अघि बढ्ने बताउँदै एनएफएललाई एउटा प्रतियोगितामा मात्र सीमित नराखी नेपाली फुटबलको दिगो व्यावसायिक विकासको मुख्य आधार बनाउने दीर्घकालीन लक्ष्य लिइएको छ ।



पोल्याण्डको पोज्नानमा रहेको पोज्नान अन्तर्राष्ट्रिय मेलास्थित क्रिसमस बजारमा रमाइलो गर्दै मानिसहरू । *तस्विर: रासस*

सञ्चारमाध्यमको कोष विवादमा चेक गणतन्त्रमा विशाल प्रदर्शन

प्राग– सार्वजनिक रेडियो र टेलिभिजनको वित्तीय व्यवस्था परिवर्तन गर्ने सरकारको योजनाविरुद्ध चेक गणतन्त्रको राजधानी प्रागमा आइतबार करिब तीन लाख ५० हजार मानिसले प्रदर्शन गरेका छन् । प्रधानमन्त्री आन्द्रेज बाबिस नेतृत्वको सरकारले ल्याएको योजनाले सञ्चारमाध्यमको स्वतन्त्रता कमजोर पार्न सक्ने भन्दै प्रदर्शनकारीले विरोध गरेका हुन् ।

सन् १९८९ को भेलभेट क्रान्तिको वार्षिकोत्सवको पूर्वसन्ध्यामा लेटना पार्कमा आयोजित प्रदर्शनमा सहभागीहरूले योजना फिर्ता लिन माग गरे । आयोजक मिकुलास मिनारले यसलाई आन्दोलनको सुरुआतमात्र भएको बताए ।

सरकारले नागरिक तथा व्यवसायबाट उठाइँदै आएको नियमित शुल्कको सट्टा सार्वजनिक सञ्चारमाध्यमलाई राज्यको बजेटबाट रकम दिने प्रस्ताव गरेको छ । तर, यसबाट उनीहरूको बजेट करिब १५ प्रतिशत घट्ने र कर्मचारी कटौती तथा कार्यक्रम बन्द हुन सक्ने चिन्ता व्यक्त गरिएको छ । आलोचकहरूले यसले सरकारको सञ्चारमाध्यममाथिको नियन्त्रण बढाउने बताएका छन् ।

विधेयक संसद्बाट अघि बढाउने क्रममा विपक्षीको बोल्ने समय सीमित गरी बिहान



४:३६ बजे मतदान गराइएको घटनाले पनि विरोध चर्काएको छ । सार्वजनिक सञ्चारमाध्यमका कर्मचारीले हडताल गर्नुका साथै श्रमिक संगठन, विश्वविद्यालय, विद्यार्थी, कलाकार र अन्तर्राष्ट्रिय सञ्चारमाध्यम संस्थाले आन्दोलनलाई समर्थन गरेका छन् । युरोपेली संसद्मासमेत यस विषयमा छलफल भएको थियो ।

प्रधानमन्त्री बाबिसले भने योजनाले सञ्चारमाध्यमको स्वतन्त्रतामा असर नपार्ने दावी गर्दै त्यसलाई अघि बढाउने बताएका छन् । प्रदर्शनकारीले सरकारको रक्षा नीतिको पनि विरोध गर्दै रुससमर्थक दलका नेता तथा सभामुख टोमियो ओकामुरा र रक्षामन्त्री जारोमिर जुनाको राजीनामा माग गरेका छन् । आयोजक मिनारले रुससमर्थक दलका कारण देशको रक्षा क्षमता कमजोर हुनसक्ने चिन्ता व्यक्त गरे । *रासस/एपी*

'किलर रोबोट' नियन्त्रणका लागि राष्ट्रसंघमा बहस

जेनेभा– युद्धमा कृत्रिम बौद्धिकता (एआई) बाट सञ्चालित स्वायत्त हतियारको प्रयोग बढ्दै गएपछि संयुक्त राष्ट्रसंघमा तिनलाई नियन्त्रण गर्ने कानुनी व्यवस्था बनाउनुपर्ने विषयमा बहस सुरु भएको छ । 'किलर रोबोट' नामले चिनिने यस्ता हतियारको प्रयोग र नियन्त्रणबारे निर्णय गर्न सोमबारदेखि १२८ देशका प्रतिनिधि जेनेभामा भेला हुँदै छन् ।

स्वायत्त हतियारले मानवीय हस्तक्षेपविना लक्ष्य पहिचान गरी आक्रमण गर्न सक्ने भएकाले यसको प्रयोगले नागरिकको जीवन र सुरक्षामा जोखिम बढाउने चिन्ता व्यक्त गरिएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस, पोप लियो १४औं र विभिन्न अभियानकर्मीले जीवनमरणको निर्णय गर्ने अधिकार पूर्णत: मेसिनलाई सुम्पिन नहुने बताउँदै आएका छन् ।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिका लरेन्ट गिसेलले कृत्रिम बौद्धिकता (एआई) को विकाससँगै स्वायत्त हतियार नियन्त्रणको आवश्यकता झन् बढेको बताएका छन् । रुस-युक्रेन युद्धमा स्वायत्त ड्रोनको प्रयोग भइरहेको र युक्रेनले पनि ड्रोन समूह विकासमा जोड दिइरहेको समाचारमा उल्लेख छ ।

गत महिना संयुक्त राष्ट्रसंघीय महासभामा १६३ देशले स्वायत्त हतियार नियन्त्रणसम्बन्धी वार्ता गर्न आह्वान गर्ने प्रस्ताव पारित गरेका थिए । अमेरिका, रुस, बेलारुस, इजरायल र उत्तर कोरियाले भने त्यसको विपक्षमा मतदान गरेका थिए । चीन, इरान र साउदी अरेबियासहित नौ देश मतदानमा अनुपस्थित रहे ।

अमेरिकाले बाध्यकारी व्यवस्था बनाउन पाँच वर्षको प्रक्रिया प्रस्ताव गरेको छ भने रेडक्रस र गैरसरकारी संस्थाहरूले एक वर्षभित्र वार्ता अघि बढाउनुपर्ने पक्षमा आवाज उठाएका छन् । रेडक्रसले अप्रत्यासितरूपमा काम गर्ने तथा मानिसलाई प्रत्यक्ष निशाना बनाउने स्वायत्त हतियारमाथि प्रतिबन्ध लगाउनुपर्ने माग गरेको छ । *रासस/एएफपी*

अमेरिकासँग कुरा नमिले चीनसँग सहकार्य गर्ने कार्नीको संकेत

नोम पेन्ह– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको व्यापार वार्ताबाट क्यानाडाको अटो उद्योगको संरक्षण सुनिश्चित नभए चीनसहित अन्य मुलुकका सवारीसाधन निर्माता कम्पनीसँग सहकार्य गर्न सकिने प्रधानमन्त्री मार्क कार्नीले बताएका छन् ।

सोमबार कम्बोडियामा पत्रकारहरूसँग कुरा गर्दै उनले अमेरिकासँगको वार्ता आफ्नो प्राथमिकता भए पनि त्यसको परिणामले युरोपेली, चिनियाँ वा जापानी कम्पनीसँग सहकार्य गर्ने विकल्प तय गर्ने बताए । अमेरिकी व्यापार नीतिका कारण क्यानाडा, अमेरिका र मेक्सिकोबीचको एकीकृत अटो उद्योग प्रभावित भएको उनको भनाइ छ ।

कार्नीका अनुसार क्यानाडामा हुने



चिनियाँ लगानी आयातीत पार्टपुर्जा जोडेर सवारीसाधन बनाउनेमामात्र सीमित हुनुहुँदैन । क्यानाडामै उत्पादन केन्द्र, रोजगारी, उचित श्रम मापदण्ड र स्वदेशी आपूर्ति शृंखला विकास हुनुपर्छ । विद्युतीय सवारीसाधनमा प्रयोग हुने क्यानाडाका महत्त्वपूर्ण खनिजलाई पनि उत्पादनमा समेट्नुपर्ने उनले बताए ।

गत जनवरीमा क्यानाडाले चिनियाँ विद्युतीय सवारीसाधनमा भन्सार शुल्क १०० प्रतिशतबाट घटाएर ६.१ प्रतिशत कायम गरेको थियो । सुरुमा वार्षिक ४९ हजार सवारीसाधन आयात गर्न दिने सहमतिअनुसार चीनले पनि क्यानाडाली क्यानोला लगायतका कृषि उत्पादनमा कर घटाउने प्रतिबद्धता जनाएको थियो । उक्त सम्झौताबाट चिनियाँ लगानी भित्रचाउन र रोजगारी सिर्जना गर्न सकिने कार्नीको अपेक्षा छ । *रासस/एपी*

कोप-३१ को मध्यबिन्दुमा जलवायु प्रमुखको आग्रह

'सम्झौताका लागि सबै पक्ष लचिलो बन्नुपर्छ'

अन्ताल्या (टर्किए)– संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी कार्यकारी सचिव साइमन स्टिलले कोप-३१ लाई सफल बनाउन सबै पक्षराष्ट्रलाई वार्तामा लचकता अपनाउन र रणनीतिक ढिलाइ नगर्न आग्रह गरेका छन् ।

कोप-३१ को मध्यबिन्दुमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले सबै पक्षको सहमति र सम्झौताविना सामूहिक सफलता सम्भव नहुने बताए । 'प्रत्येक पक्षबाट सम्झौता र सहमति नभएसम्म सामूहिक सफलता सम्भव छैन,' उनले भने, 'प्रत्येक देशको आफ्नै धारणा र आवाज छ । प्रत्येक शब्द र वाक्यमा सहमति जुटाउन कठिन भए पनि त्यो अत्यन्तै महत्त्वपूर्ण काम हो ।'

सम्मेलनमा करिब २०० देशले १६५ वटा कार्यादेशमा छलफल गरिरहेको जानकारी दिँदै उनले दोस्रो साताका प्रवेश गर्दा कठिन विषयमा शीघ्र छलफल अघि बढाउन र रणनीतिकरूपमा वार्ता लम्ब्याउने प्रवृत्ति अन्त्य गर्न आग्रह गरे ।

विश्वव्यापी तापक्रम वृद्धिबाट सिर्जित आर्थिक भार र ऊर्जा बजारको अस्थिरताका कारण देशहरू जलवायु परिवर्तनका विषयमा थप केन्द्रित हुँदै गएको उनको भनाइ थियो । नवीकरणीय ऊर्जा आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा सुरक्षित र किफायती ऊर्जाको महत्त्वपूर्ण आधार बन्दै गएको उनले उल्लेख गरे । विद्युतीकरण र जलवायु वित्तमा पहुँचलगायतका विषय वार्ताको प्राथमिकतामा रहेको बताउँदै उनले स्वच्छ ऊर्जा, सुदृढ पूर्वाधार, स्वच्छ उद्योग तथा विपद्बाट नागरिकको सुरक्षा जलवायु कार्यका महत्त्वपूर्ण क्षेत्र भएको बताए ।

जलवायु संकटको तत्काल समाधान सम्भव नभएको र एउटा सम्मेलनलेमात्रै संकट अन्त्य गर्न नसक्ने उल्लेख गर्दै उनले प्रत्येक सम्मेलनले ठोस प्रगति हासिल गर्नुपर्नेमा जोड दिए । जलवायु कार्यलाई सफल बनाउन अर्बौं मानिसलाई यस अभियानमा सहभागी गराउनुपर्ने उनको भनाइ थियो । यसका लागि जलवायु परिवर्तनका प्रभाव र समाधानलाई नागरिकको दैनिक जीवन, स्वास्थ्य, रोजगारी तथा सुलभ र भरपर्दो ऊर्जाको आवश्यकतासँग जोड्नुपर्ने उनले उल्लेख गरे ।

यस क्रममा उनले खेलकुद, चलचित्र, संगीत, टेलिभिजन तथा कलालाई जलवायु परिवर्तनसम्बन्धी सन्देश प्रवाह गर्ने प्रभावकारी माध्यमका रूपमा प्रस्तुत गरे । खेलकुद मानिसको परिवार, समुदाय र पहिचानसँग जोडिएको विषय भएकाले यसमार्फत जलवायु



परिवर्तनको प्रभाव आमनागरिकसम्म पुऱ्याउन सकिने उनको भनाइ थियो ।

विश्वकप फुटबलका क्रममा अत्यधिक गर्मीका कारण खेलाडीको स्वास्थ्य र प्रदर्शन प्रभावित भएको तथा दर्शक अस्पताल भर्ना हुनुपरेको उदाहरण दिँदै उनले खेलकुद क्षेत्रलाई जलवायु परिवर्तनअनुकूल बनाउन आवश्यक रहेको बताए ।

पत्रकार सम्मेलनमा टेलिमुण्डोकी पत्रकार भेनेस्सा हाउकले विश्वकप फुटबलका क्रममा जलवायु परिवर्तनका प्रभावबारे दर्शकलाई जानकारी गराउन सञ्चारमाध्यमले गरेको प्रयासबारे अनुभव सुनाइन् । उनले विश्वकपका खेलमा राखिएका पानी पिउने विश्रामका समयमा अत्यधिक गर्मी र उच्च आर्द्रताले खेलाडीको स्वास्थ्यमा पार्ने असरबारे चिकित्सक, खेलाडी तथा रेफ्रीसँग अन्तर्वार्ता गरी दर्शकलाई जानकारी गराएको बताइन् ।

विश्वकपका करिब एक चौथाइ खेल मानव स्वास्थ्यका लागि जोखिमपूर्ण मौसममा हुनसक्ने अध्ययनले देखाएको उल्लेख गर्दै उनले खेलका क्रममा पानी पिउने विश्रामलाई जलवायु विज्ञानसम्बन्धी जानकारी प्रवाह गर्ने अवसरका रूपमा उपयोग गरिएको बताइन् । टेलिमुण्डोले त्यस्ता विश्रामका बेला विज्ञापन प्रसारण नगरी खेलाडीले पानी पिइरहेको तथा शरीरमा बरफ राखेर तापक्रम नियन्त्रण गर्ने प्रयास गरिरहेको दृश्य दर्शकलाई देखाएको जानकारी दिइन् ।

जलवायु परिवर्तनको प्रभावसँगै त्यसका कारण र जिम्मेवारीका विषय पनि सञ्चारमाध्यमले उजागर गर्नुपर्नेमा जोड दिँदै उनले मानिसको रुचि र चासो भएका क्षेत्रबाट जलवायु सञ्चारलाई अघि बढाउनुपर्ने बताए ।

त्यसैगरी, भारतीय संस्था पिएलयुसीका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत तम्मिल हुसेनले चलचित्र तथा मनोरञ्जन उद्योगलाई जलवायु कार्यसँग जोड्नुपर्ने बताए । भारतमा हरेक वर्ष २० भाषामा एक हजार ८०० भन्दा बढी चलचित्र निर्माण हुने उल्लेख गर्दै उनले चलचित्र उद्योग जलवायु परिवर्तनसम्बन्धी सन्देश प्रवाह गर्ने प्रभावकारी माध्यम बन्न सक्ने बताए ।

पिएलयुसीले नेटफ्लिक्स इण्डियासँगको सहकार्यमा भारतको पहिलो जलवायु विषयक पटकथा लेखन प्रयोगशाला सञ्चालन गरेको जानकारी दिँदै उनले कार्यक्रममा छ हजारभन्दा बढी पटकथा लेखकले आवेदन दिएकामा ६५ जना छनोट भएको बताए । लेखकलाई जलवायु परिवर्तनकै विषयमामात्र कथा लेख्न नभनी प्रेमकथा, त्रासदी तथा विज्ञानमा आधारित काल्पनिक कथालगायत लोकप्रिय विधामार्फत जलवायु विषय समेट्न प्रोत्साहित गरिएको उनले जानकारी दिए ।

भारतका नौ प्रमुख चलचित्र निर्माण संस्थाबाट सुरु भएको उक्त पहलमा हाल १७० चलचित्र स्टुडियो सहभागी भएको र तिनको सहकार्यमा भारतको पहिलो हरित चलचित्र उत्पादन निर्देशिका तयार गरिएको उनले जानकारी दिए । उक्त निर्देशिकाले चलचित्र निर्माणका क्रममा उत्सर्जन घटाउन र वातावरणमैत्री उत्पादन अभ्यास अपनाउन सहयोग गर्ने उनको भनाइ थियो ।

चलचित्रमा जलवायु परिवर्तनका विषय समेट्नुका साथै चलचित्र निर्माण प्रक्रियालाई स्वच्छ र कम उत्सर्जनयुक्त बनाउन आवश्यक रहेको उनले बताए । स्वच्छ ऊर्जा रूपान्तरण र सिर्जनात्मक अर्थतन्त्रलाई एकसाथ अघि बढाउन सके चलचित्र तथा मनोरञ्जन क्षेत्रले जलवायु कार्यका लागि नागरिकलाई प्रेरित गर्न सक्ने उनको विश्वास थियो । *रासस*

अमेरिका-इरान तनाव घटाउन पाकिस्तानको पहल

इस्लामाबाद– पाकिस्तानले अमेरिका र इरानबीचको तनाव कम गर्न क्षेत्रीय मुलुकको समर्थनसहित कूटनीतिक प्रयास जारी राख्ने प्रतिबद्धता जनाएको छ । विदेशमन्त्री इशाक दारले सोमबार इस्लामाबादमा आयोजित क्षेत्रीय आर्थिक सहयोग संगठन (इको) को बैठकमा शान्ति र स्थिरताविना आर्थिक विकास तथा व्यापार विस्तार सम्भव नहुने बताए ।



१० सदस्यीय इको बैठकमा इरानी विदेशमन्त्री अब्बास अराघचीसहित विभिन्न देशका कूटनीतिज्ञ सहभागी थिए । अराघचीले अन्तर्राष्ट्रिय कानुन र शान्तिपूर्ण समाधानको पक्षमा उभिन आग्रह गर्दै अमेरिकामाथि आक्रामकता र आर्थिक दबाव सिर्जना गरेको आरोप लगाए । उनले फारसको खाडी र हर्मुज जलघाँटीको तनावका लागि अमेरिका र इजरायललाई जिम्मेवार ठहऱ्याए ।

पाकिस्तानले गत अप्रिलमा अमेरिका र इरानबीच प्रत्यक्ष वार्ताको पहिलो चरण आयोजना गरेको थियो । हर्मुज जलघाँटीको गतिरोधले तेलको मूल्य र आफ्नो अर्थतन्त्रमा असर पारेको भन्दै पाकिस्तानले उक्त जलमार्ग पुन: सञ्चालन गर्न आग्रह गर्दै आएको छ ।

बैठकमा अफगानिस्तानसँगको सम्बन्ध सुधारको विषय पनि उठेको थियो । विदेशमन्त्री दारले अफगानिस्तानसँग व्यापार गरेको आरोप अस्वीकार गर्दै आएको छ । *रासस/एपी*

साउदीमा रोजगार
कम्पनी : THE COMMON TABLE CAFE FOR BEVERAGES.
पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 350339 चलानी नं. ६०१६३८३३

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Food and Beverage Counter Worker	2	0	1200	४८,९८७	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर ८ गते (24th NOv. 2026) मा हुनेछ ।

रक्तदेखा गरिने हेपेटाइटिस सबै कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल सबै दिने / नदिने	रक्तदेखा गरिने बिमा सबै कसले व्यहोर्ने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	बिमा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (तलबसापेक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अतिरिक्तीकरण शुल्क यदि लाग्ने र कसले व्यहोर्ने	बिमा एजेन्सिक शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	४.२१५ / - कामदारले तिर्ने	६. १,२०० कामदार आफैले	१०,०००/-	९,७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित भएपछि मात्र श्रमभिसा गई श्रम कुभ्रोदान हुने । कुभ्रोको रकमको बीचमा अनियमित नलिइने । २) आफ्नु काम गर्ने जाने मुलुकका रोजेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु याचना राख्नुहोला । आफ् कर्टिफाईमा पर्ने सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा छ इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने तेस्व, सुविधा र अन्य शर्तबारे राम्री पढेर माथ सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफ्नुसंग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्टबाट प्रवेश गर्नुहोला अन्यथा ठ्गिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८ / ०७३ / ०७४

बहराइनमा रोजगार
कम्पनी : ABDUL RAHMAN ALI AL SAAD POWER PROJECTS CO W L L
पूर्व स्वीकृति मिति : २०८३/०६/३० LT. No. 349433 चलानी नं. ६०१६३८०७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	BD	ने.रू.							
1.	General Laborer	50	0	100	३९,९८८/-	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर ७ र ८ गते (23rd & 24th Nov. 2026) मा हुनेछ ।

रक्तदेखा गरिने हेपेटाइटिस सबै कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल सबै दिने / नदिने	रक्तदेखा गरिने बिमा सबै कसले व्यहोर्ने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	बिमा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (तलबसापेक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अतिरिक्तीकरण शुल्क यदि लाग्ने र कसले व्यहोर्ने	बिमा एजेन्सिक शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	४.२१५ / - कामदारले तिर्ने	६. १,२०० कामदार आफैले	नि:शुल्क	९,७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित भएपछि मात्र श्रमभिसा गई श्रम कुभ्रोदान हुने । कुभ्रोको रकमको बीचमा अनियमित नलिइने । २) आफ्नु काम गर्ने जाने मुलुकका रोजेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु याचना राख्नुहोला । आफ् कर्टिफाईमा पर्ने सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा छ इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने तेस्व, सुविधा र अन्य शर्तबारे राम्री पढेर माथ सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफ्नुसंग राख्नुहोला । ६) कामका विदेश जादा नेपालकै एयरपोर्टबाट प्रवेश गर्नुहोला अन्यथा ठ्गिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE OVERSEAS PVT. LTD.
Govt. License 147/056/057
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874, Prabin Basnet (9828932505)
Prabin Basnet 9828932505, E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,६९,१००	०	३,५२०



तोरी पहेँलै | तोरी फुलेपछि पहँेलपुर देखिएको दाडुको घोराही उपमहानगरपालिका-१२ स्थित हापुरको गुर्जे गाउँ र आसपासको दृश्य । बाहुन, क्षेत्री, मगर तथा दलित समुदायको बसोबास रहेको यस गाउँमा २०० भन्दा बढी घरधुरी रहेका छन् । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

पर्यटकले भरिए बन्दीपुरका होटल

दमौली– तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा यतिबेला स्वदेशी तथा विदेशी पर्यटकको चाप बढेको छ । चाडपर्वको बिदा र पर्यटकीय यामका कारण बन्दीपुरमा पर्यटकको आगमन बढेको हो । पर्यटकको चाप बढेसँगै यहाँका होटल तथा घरबास भरिभराउ भएका छन् ।

पर्यटकको आगमन बढेपछि बन्दीपुर बजारमा चहलपहल निकै बढेको छ । होटलमा कोठा पाउन मुस्किल हुन थालेको छ भने बास बस्ने ठाउँ नपाएर केही पर्यटक फर्किनुपर्ने अवस्था सिर्जना भएको छ । बन्दीपुरमा कोठा नपाएपछि कतिपय पर्यटक नजिकैको डुम्रे बजारसम्म पुग्नुपर्ने अवस्था रहेको व्यवसायीले बताएका छन् ।

बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष राजु बानियाँका अनुसार अहिले बन्दीपुरमा पर्यटकको चाप थामिनसक्नु छ । होटल तथा घरबासमा पर्यटक भरिभराउ हुँदा व्यवस्थापन गर्न पनि कठिन भएको उनले बताए ।

उनका अनुसार बन्दीपुरमा स्वदेशी तथा विदेशी दुवै खालका पर्यटकको आगमन बढेको छ । चाडपर्वका कारण लामो बिदा हुनु र पर्यटकीय याम पनि सुरु भएकाले पर्यटकको चाप अत्यधिक बढेको हो । बन्दीपुरमा बास बस्न चाहने सबै पर्यटकलाई कोठा उपलब्ध गराउन नसकिएको उनको भनाइ छ ।

बन्दीपुरमा रहेका होटल तथा होमस्टेमा गरी करिब एक हजार ४०० जनालाई बास बसाउने क्षमता रहेको छ । यहाँ करिब ८० वटा होटल र चारवटा होमस्टे सञ्चालनमा छन् । तर, पानीको समस्याका कारण होटलले आफ्नो पूर्ण क्षमताअनुसार पर्यटक राख्न नसक्ने अवस्था रहेको अध्यक्ष बानियाँले बताए । पानीको उपलब्धताले होटल सञ्चालन र पर्यटक व्यवस्थापनमा असर पारेको उनको भनाइ छ ।

पर्यटकको चाप बढे पनि बासको व्यवस्थापन गर्न नसक्दा केही पर्यटक बन्दीपुरमै बस्न नपाई फर्किनुपर्ने अवस्था आउनु पर्यटन व्यवसायका लागि चुनौती बनेको छ । बन्दीपुरमा उपलब्ध होटल तथा होमस्टेको क्षमता र पूर्वाधारलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको उनले बताए । होटल व्यवसायी वैशबहादुर गुरुङले चाडपर्वको बिदाका कारण बन्दीपुरमा पर्यटक ओइरिएको बताए । बिदाको समय घुमफिरका लागि उपयुक्त हुने भएकाले परिवार तथा साथीभाइसँग आउने आन्तरिक पर्यटकको संख्या बढेको उनको भनाइ छ । पर्यटकको चाप बढ्दा होटल व्यवसायमा उत्साह थपिएको भए पनि सबैलाई कोठा उपलब्ध गराउन कठिन भएको उनले बताए ।

बन्दीपुरको प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति, ऐतिहासिक बजार र हिमशृंखलाको दृश्यावलोकनका कारण यो ठाउँ पर्यटकको रोजाइमा पर्दै आएको छ । विशेषगरी बिदाको समयमा परिवारसहित घुम्न आउने आन्तरिक पर्यटकको आकर्षण बढ्ने गरेको छ । विदेशी पर्यटक पनि बन्दीपुरको पुरानो बजार, स्थानीय जीवनशैली र प्राकृतिक वातावरणको अनुभव लिन पुग्ने गरेका छन् । *रासस*

खराब कर्जा असुलीमा अर्थमन्त्री डा. वाग्लेको जोड

■ प्रभाव संवाददाता



काठमाडौं– अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडलाई वित्तीय तथा आर्थिक अनुशासन कायम गर्दै खराब कर्जा असुलीमा विशेष ध्यान दिन निर्देशन दिएका छन् । नेपाल बैंक लिमिटेडको ९०औं वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै डा. वाग्लेले बैंकलाई अनुत्पादक क्षेत्रमा लगानी नगर्न पनि आग्रह गरे ।

नेपालको बैंकिङ क्षेत्रमा गौरवमय इतिहास बोकेको यस बैंकले सुशासनको उच्च मापदण्ड कायम गर्दै डिजिटल रूपान्तरणमार्फत सरल र सहज बैंकिङ सेवा उपलब्ध गराउनुपर्नेमा अर्थमन्त्री वाग्लेले जोड दिए । उनले नेपाल सरकारले वित्तीय क्षेत्र सुधारका लागि अघि सारेका तीन बुँदे कार्यसूची पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने बताए ।

बैंकको काम कारबाही पारदर्शी बनाई जनविश्वास कायम राख्न, संस्थागत कमजोरी सुधार गर्न तथा तथ्यांकको सुरक्षामा विशेष ध्यान दिनुपर्ने अर्थमन्त्री वाग्लेले बताए । आगामी दिनमा डिजिटल बैंकिङको विस्तार, लघु, साना तथा मझौला उद्यमलाई सहज वित्तीय पहुँच, हरित अर्थतन्त्रको प्रवर्द्धन तथा वित्तीय साक्षरता अभिवृद्धिमा बैंकले प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा पनि उनले जोड दिए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयले नेपालमा बैंकिङ इतिहासको सुरुआत गर्दै स्थापना भएको यस बैंकले बचत संस्कृतिको विकास, आर्थिक स्रोत परिचालन र पुँजी निर्माणका साथै मुलुकको औद्योगिक तथा व्यापार व्यवसायको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याएको बताए । उनका अनुसार बैंकको चुक्ता पुँजी रु १४ अर्ब ६९ करोड, निक्षेप रु चार खर्ब १६ अर्ब र कर्जा रु दुई खर्ब ६२ अर्ब रहेको छ । बैंकको निष्क्रिय कर्जा अनुपात चार दशमलव १८ प्रतिशत, ग्राहक संख्या २९ लाख २४ हजार र कर्मचारी संख्या तीन हजार ६०० रहेको छ ।

त्यसैगरी, बैंकका २५० वटा एटिएम सञ्चालनमा छन् भने मोबाइल बैंकिङका ग्राहक संख्या १० लाख पुगेको छ । बैंकले ७१ जिल्लामा शाखा विस्तार गरेको प्रमुख कार्यकारी अधिकृत पाण्डेयले जानकारी दिए ।

सस्तोमा धान बेच्दै बर्दियाका किसान

बर्दिया (प्रस)– खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिद प्रक्रिया ढिलो सुरु गर्ने भएपछि बर्दियाका किसान सस्तो मूल्यमा धान बिक्री गर्न बाध्य भएका छन् । हिउँदेबाली लगाउन खेत जोत्ने, मल तथा बीउ खरिद गर्ने र घरायसी खर्च जुटाउनुपर्ने भएपछि किसानले सरकारले तोकेको न्यूनतम समर्थन मूल्यभन्दा निकै कम मूल्यमा धान बिक्री गरिरहेका छन् ।

गुलरिया नगरपालिका-१२ भैसाहीका अगुवा किसान जगमोहन थारूले खाद्य व्यवस्था तथा व्यापार कम्पनीले समयमै धान खरिद नगर्दा सस्तो मूल्यमा धान बिक्री गर्नुपरेको बताए । उनले प्रतिक्विन्टल रु दुई हजार ८०० का दरले ३०० क्विन्टल धान बिक्री गरेको जानकारी दिए ।

उनले भने, 'हिउँदेबाली लगाउन खेत जोत्ने खर्च र घरायसी आवश्यकता पूरा गर्न धान सस्तोमा बिक्री गर्नुपरेको छ ।' उनीजस्तै बढैयाताल गाउँपालिका-७ का किसान रामदेव थारूले पनि सस्तो मूल्यमा धान बिक्री गरेका छन् । मल तथा हिउँदेबालीका लागि बीउ खरिद गर्न रकम अभाव भएपछि शनिबार धान बिक्री गरेको उनले बताए ।

बर्दियामा अहिले मोटा धान प्रतिक्विन्टल रु दुई हजार ९०० मा बिक्री भइरहेको छ । बढैयाताल गाउँपालिका-५ बढैयागाउँका गल्ला व्यापारी सुरेश थारुले मोटा धान प्रतिक्विन्टल रु दुई हजार ९०० र मसिनो धान रु चार हजारका दरले खरिद गरिरहेको बताए ।

तमोरको बगरमा ड्रागन खेती

■ ईश्वर थापा

धनकुटा– उपयुक्त बाली छनोट, प्रविधिको प्रयोग र बजारको सम्भावना पहिचान गर्नसके कम उत्पादन दिने जमिनबाटसमेत राम्रो आम्दानी लिन सकिन्छ भन्ने उदाहरण धनकुटा नगरपालिका-९, छिम्सुवाका किशोर भण्डारीको प्रयासले दिएको छ । देशका धेरै स्थानमा खेतीयोग्य जमिन बाँझो रहने र परम्परागत खेतीबाट किसानले पर्याप्त आम्दानी लिन नसकिरहेको अवस्थामा जस्तोसुकै मिल्किएको जमिनमा पनि मेहेनत गरी उनले राम्रो आम्दानी लिएका छन् ।

चारैतिर बालुवा नै बालुवा । न मलिलो माटो, न पर्याप्त पानीको सुविधा । सामान्यतया खेती गर्न कठिन मानिने तमोर नदीको बगर तर त्यही बगरमा अहिले हरियाली छाएको छ । लहरै फैलिएका ड्रागन फ्रुटका बोट, कतै फ्रुटले भरिन थालेका बिरुवा त कतै नयाँ बालीका लागि तयार पारिएका संरचना । कुनै बेला खेतीका लागि अनुपयुक्त मानिने यही जमिन अहिले आम्दानीको स्रोत बनेको छ ।

परम्परागत सोचभन्दा फरक ढंगले खेती गर्ने सोचाइ बनाएका भण्डारीले बालुवा र ढुंगाले भरिएको जमिनलाई व्यावसायिक कृषि उद्यमको आधार बनाएका छन् । उनको प्रयासले खेती गर्न उर्वर जमिन नै चाहिन्छ भन्ने मान्यतालाई पनि चुनौती दिएको छ । तीन वर्षअघि भण्डारीले तमोर नदीको बगरमा ड्रागन फ्रुट खेती सुरु गरेका थिए । सुरुमा करिब पाँच रोपनी क्षेत्रफ्रुटमा ड्रागन फ्रुटका बिरुवा लगाएका उनले करिब ३०० बिरुवाबाट खेतीको सुरुआत गरेको बताएका छन् । सुक्खा तथा बलौटे जमिनमा पनि उत्पादन लिन सकिने सम्भावना देखेपछि उनले यो खेती रोजेको बताए ।

सुरुआतमा नयाँ बाली भएकाले उत्पादन र बजार दुवैको चुनौती थियो तर उत्पादन हुन थालेपछि बजारमा राम्रो माग देखियो । ड्रागन फ्रुटको मूल्यसमेत राम्रो पाइएपछि उनको आत्मविश्वास बढ्दै गयो । त्यसपछि खेती विस्तार गर्ने योजना बनाएर अहिले ड्रागन फ्रुट खेतीलाई करिब नौ रोपनी क्षेत्रफलमा विस्तार गरेको भण्डारी बताउँछन् । ड्रागन फ्रुट खेतीबाट सुरु भएको उनको कृषि यात्रा अहिले बहुवाली खेतीसम्म पुगेको छ । एउटै बालीमा निर्भर हुँदा जोखिम बढी हुने र वर्षभरि नियमित आम्दानी गर्न कठिन हुने भएकाले उनले जमिनको प्रकृति तथा हावापानीअनुसार विभिन्न फ्रुटफूल र तरकारी खेती विस्तार गरेको बताए ।

हाल उनले करिब पाँच रोपनीमा ५०० बोट एप्पल बयर खेती गरेको बताएका छन् । त्यस्तै, करिब १५ रोपनी क्षेत्रमा स्थानीय मालभोग जातको केरा खेती विस्तार गरेका भण्डारीले यसवर्ष जी-नाइन जातको केरा पनि परीक्षणका रूपमा लगाउनुभएको छ । त्यसैगरी म्याकाडेमिया, आँप, एभोकाडो र टमाटर खेतीसमेत गरेका छन् । बगरको जमिनदेखि माथिल्लो भागसम्म उपलब्ध क्षेत्रलाई उपयोग गर्दै उनी विभिन्न बालीको सम्भावना परीक्षण गरिरहेको बताउँछन् ।

> परम्परागत सोचभन्दा फरक ढंगले खेती गर्ने सोचाइ बनाएका भण्डारीले बालुवा र ढुंगाले भरिएको जमिनलाई व्यावसायिक कृषि उद्यमको आधार बनाएका छन् । उनको प्रयासले खेती गर्न उर्वर जमिन नै चाहिन्छ भन्ने मान्यतालाई पनि चुनौती दिएको छ ।

ड्रागन फ्रुटले दिलायो कृषिमा लाउने प्रेरणा

भण्डारीका लागि ड्रागन फ्रुट खेती व्यावसायिक कृषिको पहिले खुड्किलो बनेको छ । सुरुमा नयाँ बालीका रूपमा लगाइएको ड्रागन फ्रुट अहिले आम्दानीको महत्वपूर्ण आधार बनेको उनको भनाइ छ । ड्रागन फ्रुटले सुरुका दिनमा बजारमा राम्रो मूल्य पाएको भण्डारी बताउँछन् । उत्पादन सुरु हुँदा प्रतिकिलो ५०० रूपैयाँसम्म बिक्री भएको थियो ।

अहिले सिजन र बजारको अवस्थाअनुसार प्रतिकिलो २५० देखि ३०० रूपैयाँसम्म बिक्री भइरहेको उनको भनाइ छ । उत्पादन खरिद गर्न ग्राहक तथा व्यापारीहरू खेतीस्थलमै आउने गरेका छन् । यसले बजार खोज्दै विभिन्न स्थानमा पुग्नुपर्ने झन्झटसमेत कम गरेको छ । उत्पादनको गुणस्तर र मागका कारण बगानमै आएर फ्रुट खरिद गर्ने ग्राहक बढेको उनी बताउँछन् । ड्रागन फ्रुटको बजार सम्भावना देखेपछि नै आफूले अन्य फ्रुटफूल तथा तरकारी खेतीमा समेत लगानी बढाएको भण्डारीको भनाइ छ ।

धनकुटामा पछिल्लो समय सुखाग्रस्त तथा कम पानी हुने क्षेत्रमा पनि ड्रागन फ्रुट खेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । धनकुटा नगरपालिका र साँगुरीगढी गाउँपालिकाका विभिन्न क्षेत्रमा यसको खेती विस्तार हुन थालेको छ । परम्परागत बालीबाट अपेक्षित आम्दानी लिन नसकेका किसानले वैकल्पिक खेतीका रूपमा ड्रागन फ्रुटलाई लिन थालेका छन् । जमिनको प्रकृति र हावापानीअनुसार उपयुक्त प्रविधि अपनाउनसके कम पानी हुने क्षेत्रमा समेत व्यावसायिक खेती गर्न सकिने सम्भावना रहेको कृषि ज्ञान केन्द्र धनकुटाले जनाएको छ ।

केन्द्रले व्यावसायिक खेती गर्ने किसानलाई प्रोत्साहन गर्दै आएको जनाएको छ । विगतमा अनुदानका कार्यक्रम सञ्चालन गरिएको र अहिले किसानलाई आवश्यकताअनुसार विशेषज्ञ सेवा तथा प्राविधिक परामर्श उपलब्ध गराउँदै आएको कृषि ज्ञान केन्द्र धनकुटाका प्रमुख नगेन्द्र राना मगरले बताए । उनले चालु आर्थिक वर्षबाट अनुदानका कार्यक्रम सञ्चालनको तयारीमा रहेको पनि जानकारी दिए ।

बाली विविधीकरणबाट आम्दानी बढाउने योजना

कृषिमा एउटै बालीमा निर्भर हुँदा उत्पादनमा समस्या आए आम्दानी प्रभावित हुनसक्छ । त्यसैले भण्डारीले विभिन्न समयमा उत्पादन दिने फलफूल तथा तरकारीलाई प्राथमिकता दिएको बताएका छन् । ड्रागन फ्रुटपछि एप्पल बयर खेती सुरु गरेका उनले अहिले त्यसका करिब पाँच सय बोट हुर्काइरहेका छन् । एप्पल बयरका बोटको आकार र उमेर बढ्दै जाँदा उत्पादन पनि बढ्ने अपेक्षा उनको छ । नयाँ लगाइएका बालीले आगामी दुईदेखि चार वर्षभित्र राम्रो उत्पादन दिने विश्वास रहेको उनले बताए ।

केरा खेतीमा पनि उनले नयाँ जातको परीक्षण गरिरहेको बताए । स्थानीय मालभोग जातसँगै जी-नाइन जातको केरा लगाएर उत्पादनको सम्भावना बुझ्ने प्रयास गर्नुभएको भण्डारीले बताए । त्यस्तै, म्याकाडेमिया र एभोकाडो खेतीलाई पनि भविष्यको आम्दानीको आधार बनाउने उनको योजना छ । तरकारी खेतीतर्फ टमाटरलाई प्राथमिकता दिनुभएका भण्डारीले यसअघि करेला खेतीको अनुभव पनि लिएका थिए तर करेला उत्पादनमा बढी मिहेनत गर्नुपर्ने र बजारको समस्या हुने भएकाले त्यसबाट अपेक्षित आम्दानी लिन नसकेको उनको अनुभव छ ।

सिँचाइ व्यवस्थापनमा सहयोग

तमोर नदीको बगरमा खेती विस्तार गर्दा सबैभन्दा ठूलो चुनौती सिँचाइ व्यवस्थापन हो । बलौटे जमिनमा पानी टिकाउन कठिन हुने भएकाले नियमित सिँचाइको व्यवस्था नगरी व्यावसायिक खेती सम्भावना नहुने भएको छ । यसलाई ध्यानमा राखेर भण्डारीले सिँचाइको व्यवस्थापन गरेको बताएका छन् ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)को आर्थिक सहयोग र पर्डेप नेपाल धनकुटाको प्राविधिक सहयोगमा सिँचाइका लागि पोखरी निर्माण गरिएको छ । यसबाट खेतीका लागि आवश्यक पानी व्यवस्थापन गर्न सहज भएको छ । सोही सहयोग तथा सहजीकरणमा केरा खेतीसमेत विस्तार गरिएको हो । भण्डारीको कृषि उद्यमबाट केही स्थानीय व्यक्तिले रोजगारीसमेत पाएका छन् । *रासस*

शुक्लागण्डकी फूल बिक्रीमा अग्रणी बन्दै

दमौली (प्रस)– तिहारको अवसरमा तनहुँको शुक्लागण्डकी नगरपालिकाका किसानले सयपत्री फूल बिक्री गरेर रु नौ लाख ५३ हजार आम्दानी गर्न सफल भएका छन् । यस वर्ष तिहारमा नगरपालिकाभित्रका किसानले दुई हजार ७६० किलोग्राम फूल बिक्री गरेका हुन् ।

स्थानीय किसानले उत्पादन गरेको सयपत्री फूलले बजार पाएपछि उनीहरू उत्साहित भएका छन् । किसानले शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित हाटबजारबाट र आफ्नै बारीबाट फूल बिक्री गरेका थिए । स्थानीयस्तरमै उत्पादन भएको फूल उपभोक्तासम्म पुग्दा किसानलाई आम्दानीको अवसर मिलेको छ भने तिहारमा बाहिरबाट फूल ल्याउनुपर्ने बाध्यतामा कमी आएको छ ।

शुक्लागण्डकी नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले स्थानीय किसानको उत्पादनले बजार पाएको बताए । किसानले उत्पादन गरेको फूल बिक्री हुनु सकारात्मक भएको उल्लेख गर्दै उनले स्थानीय उत्पादनको प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न बजारको पहुँच महत्वपूर्ण हुने बताए ।

यस वर्ष फूल बिक्री गर्ने किसानमध्ये मुक्ति सिग्देलले सबैभन्दा बढी ६८५ किलो सयपत्री बिक्री गरेका छन् । त्यस्तै सुदीप रेग्मीले ३८५ किलोग्राम, शान्ति भण्डारीले २०० किलोग्राम, सुरज वाग्लेले १७० किलोग्राम तथा ओमप्रकाश पौडेल, विनोद विश्वकर्मा र चन्द्रकला राईले जनही १५० किलोग्राम फूल बिक्री गरेका छन् ।

त्यसैगरी, महेन्द्रकुमार श्रेष्ठले १२० किलोग्राम, मञ्जु श्रेष्ठले १०५ किलोग्राम र सन्तोष भट्टराईले १०० किलोग्राम फूल बिक्री गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ